Jana Aakash National Weekly

www.janaakash.com

जन आकाश

Jana Aakash National Weekly

राष्ट्रिय साप्ताहिक

वर्ष- १८, अंक- ३१, २०८२ साल फागुन १९ गते मंगलबार (March 3, 2026) www.janaakash.com.np

जनआकाश मिडिया प्रा.लि. बाट प्रशारित

www .janaakash .com .np

अनलाइन सञ्चालन भइ रहेको हुदा तपाइहरुको सल्लाह, सुझाव, व्यवसायीक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेन्सी, कम्पनी, शुभचिन्तक, पाठक वर्ग लगायत माहानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जनआकाश युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नामहरु जोडेर जनआकाशको वार्षिकोत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, सघं-संस्थाहरुले सम्पर्क राख्नुहुन अनुरोध गरीन्छ ।

सम्पर्क : ४१६७५७८ (बागबजार)

मोबाइल: ९८५१०८७१५६

Email : janaakash .com .np@gmail .com

# इजराल इरान युद्धले मानवतामा संकट ल्याउने खतरा



अमेरिका र इजरालले इरानमाथि संयुक्त युद्ध थालेपछि इरानले पनि जवाफमा बराइन, कुवेत, कतार लगायत देशमा अमेरिकन सेनाको वेस क्याप रहेका क्षेत्रहरुमा रकेटहरु प्रहार गरेपछि धेरैको हताहती हुन थालेको देखिन्छ । यस्ता ठुला बमहरु मानव वस्तीको छेउमा खस्दा धेरै मानिसहरुको मृत्यु र अङग भङग भई मानवता माथिको बर्बरता भन्न सकिने घटना हुन थालेका छन् । यस्ता युद्ध मानवता विरोधी युद्ध नै हुन भन्न सकिन्छ ।

युद्ध गर्नुको कारण जस्ता जस्ता आरोप प्रत्यरोप लगाएर गरिएको भएपनि विश्वमा धेरै खपत हुने इन्धन अर्थात पेट्रोलिय पदार्थको उपभोगको लागि लडाई हुने गरेको देखिन्छ। युद्धमा होमिएका ति देशहरुले तेल भण्डार आफ्नो कब्जामा राख्न गरेको प्रतिस्पर्धा हो भन्ने सहजै देखिन्छ । किनकी कुवेत, बराइन, कतार, साउदी अरब, दुवै जस्ता देशमा दोस्रो विश्वयुद्ध पछि नै ति देशहरुले तेलको भण्डारको लागि कुवेत-ईरान । इरान-कतार देशसँग लाडाई भएको थियो । पछि अमेरिकाको सेना त्यस देशहरुमा राखेर शान्ति स्थापनार्थको नाममा अमेरिकन कम्पनीहरुले आफ्नो बर्चश्व कायम गर्दै आएको छ ।

अहिले पुन: ति देशहरुले उत्पादन गरेको तेलले मात्र विश्व बजारमा नपुग्ने र ईरानसँग सवैभन्दा विश्वको धेरै तेल भण्डारण रहेको छ । इरानको तेल रसियाले सस्तोमा इरानले बेचिरहेको छ। विश्व बजारमा ओपेकले बेचेको तेलभन्दा रसियाले बेच्ने तेल सस्तो छ यो तेलको लागि विश्वका शक्तिशाली राष्ट्रहरुको प्रतिस्पर्धामा त्याहाका सर्वसाधरण नागरिकहरुले बमको सामना गर्नुपरेको छ। मानवता माथि कतिपनि संवेदशील नभई कुरतापूर्वक गरेका यस्ता बम बर्षातले मानवता माथिको प्रहार हो ।

युद्ध मानवताको लागि राम्रो विषय होइन । यसले प्रणी जगतमा ठूलो समस्या निम्त्याउछ। अहिलेत इरानलाई अमेरिका र इजरालले हानिरहेका छन् । इरानले अमेरिकालाई स्थल प्रयोग गर्न दिइएका देशका अमेरिकन क्यापमा इरानले हानिरहेको छ। भोलीका दिनमा यस्ता युद्ध भडकिदै जादा शक्तिशाली राष्ट्रहरु दुई खेमामा बिभाजित भई बमका आकारहरु » बाकी ६ पृष्ठमा

## धनकुटामा होली सुनसान




धनकुटा । धनकुटामा यो वर्ष होली सुनसान बनेको छ । धनकुटाका मदन चोक, भीमसेन थान, परिचय मोड लगायतका ठाउँ होलीमा सधैं साँस्कृतिक कार्यक्रमले गुञ्जिन्थे ।

तर यस वर्ष निर्वाचनको पूर्व सन्ध्यामा होली परेकोले मानिसहरु होलीमा रमाउन नचाहेको देखिन्थ्यो ।

विद्यालय तथा क्याम्पस बिदा रहेको र कर्मचारीहरू पनि निर्वाचन खटिएका तथा दलका नेता कार्यकर्ता घरदैलोमा व्यस्त भएकाले होली सुनसान बनेको हो । » बाकी ६ पृष्ठमा

## प्रधानमन्त्री कार्कीले देशवासीलाई गरिन् चार अपिल




काठमाडौं । प्रधानमन्त्री सुशीला कार्कीले मुलुक विधिको शासन स्थापित गर्दै, संविधानको मार्गमा स्थिरताका साथ अघि बढ्न सफल भएको बताएकी छन् ।

जेनजी आन्दोलनपछिको अवस्थाको यो उपलब्धि सबै नेपाली जनताको संयम र सहकार्यको परिणाम भएको उल्लेख गर्दै उनले सम्मुखमा रहेको निर्वाचनलाई शान्तिपूर्ण, स्वच्छ र ऐतिहासिक बनाउन आह्वान गरेकी छन् ।

सोमबार देशवासीको नाममा सम्बोधन गर्दै उनले विभिन्न चार वटा विषयमा नागरिकहरूलाई अपिल गरेकी छन् । » बाकी ६ पृष्ठमा

## होलीले आपसी सदभाव कायम राख्न प्रेरणा मिलोस् : राष्ट्रपति पौडेल



काठमाडौं - राष्ट्रपति रामचन्द्र पौडेलले नेपालीहरूको विशेष पर्व फागुपूर्णिमा (होली)ले समाजमा आपसी सद्भाव कायम राख्न थप प्रेरणा मिलोस् भनी कामना गरेका छन् ।

होली पर्वको अवसरमा आज शुभकामना सन्देश जारी गर्दै उनले स्वदेश तथा विदेशमा रहेका सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरूमा सुख, शान्ति तथा समृद्धिका लागि मङ्गलमय शुभकामना व्यक्त गरेका छन् ।

राष्ट्रपति पौडेलद्वारा जारी सन्देशमा भनिएको छ, 'होली पर्वले समाजमा विद्यमान विभिन्न प्रकारका विकृति, विसङ्गति एवम् कुरीतिलाई निर्मूल गर्दै मौलिक संस्कृतिको संरक्षण र संवर्द्धन गर्न » बाकी ६ पृष्ठमा


## प्रलोपाका गण्डकी प्रदेश अध्यक्ष शर्मा नेकपामा प्रवेश

फागुन । प्रगतिशील लोकतान्त्रिक पार्टी (प्रलोपा)का गण्डकी प्रदेश अध्यक्ष नेपाली कम्युनिस्ट पार्टी (नेकपा) प्रवेश गरेका छन् ।

प्रलोपाका केन्द्रीय सदस्यसमेत रहेका यज्ञ बल्लभ शर्मा नेकपा प्रवेश गरेका हुन् । उनलाई नेकपाका नेताहरु



दिनानाथ शर्मा र हितमान शाक्यले नेकपामा स्वागत गरे । उनी तत्कालीन माओवादी » बाकी ६ पृष्ठमा



जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP

वर्ष -१८, अंक- ३१,
२०८२ साल फागुन १९ गते मंगलबार
3 MARCH 2026, TUESDAY

**...मान्छे कसैले पनि कर्म लियर आएको हुदैन । सिर्जना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ । मोहन कार्की**

## सम्पादकीय

# तेल कब्जाको लडाईमा विश्वयुद्ध नहोस् ।

यतिवेला इजराल र अमेरिका मिलेर इरानमाथि बम वर्षा गरिरहेका छन् । त्यसैगरी जवाफी कारवाहीमा इरानले पनि अमेरिकाले प्रयोग गर्दै आएको मध्यपूर्वका अरब राष्ट्रहरू र इजरालमा जवाफी बम वर्षा शुरू गरेको छ । धेरैको हताहती भईरहेको छ । अरब राष्ट्रहरूमा बमको धुवाँको मूस्लोले आकाश ढाकेको छ ।

यो युद्ध अरू जे जे भनेपनि तेलको राजनीतिको रूपमा विश्वका जनताले बुझेका छन् । अमेरिकाले दोस्रो विश्वयुद्ध लगतै इरानमा रहेको तेलखानीको विषयलाई लिएर त्यतिवेलै कुवेत र इरानमा लडाई गराएको ईतिहास थियो । तर इरानले त्यतिवेला पनि आफ्नो राष्ट्रको प्रतिरक्षा गरेको थियो । यतिवेला इरानलाई अक्रमण गर्न इजराल र अमेरिका लागेका छन् भने इरानलाई आक्रमण गर्न कुवेत, बराइन, साउदी अरब, युएई देशमा अमेरिकाका सैनिक क्याम्पहरू छन् । त्यहि ठाउँहरूवाट इरानमा अक्रमण भइरहेको छ । यो युद्धलाई कुटनीतिक रूपमा सावधान गर्न शक्तिशाली राष्ट्रहरूले पऱ्यास गर्नुपर्ने हो तर त्यस्तो पऱ्यास गरेको देखिदैन ।

उल्टै शक्तिशाली राष्ट्रहरू आफ्नो स्वार्थको रोटी सेक्न लागेका छन् । रूस इरानलाई हत्तियार बेच्न पाईन्छ र पैशा कमाउने दाउमा छ । चीन चुपचाप छ । यसैगरी युद्ध बढदै जाने हो भने विश्वका मानिसहरू सर्वसाधरण मानिसहरू माथि हुने बम वर्षातले मानव जीवनलाई प्रत्यक्ष असर पार्ने र मानवता माथिको बर्बताले सिमा नागेपछि विश्वका देशहरू मानवताको पक्षमा आवाज लिएर निस्कन सक्छन् । त्यतिवेला एकैपक्ष नहून सक्छ । दोस्रो विश्वयुद्धमा पनि शक्तिशाली राष्ट्रहरू विभाजन भएर लडाईमा भाग लिदा पछि अमेरिकाले जापानको नाकासाकी हिर ोसीमामा अनु बम प्रहार गरेपछि लाखौ मानिसहरू मारिए जापानको नाकासाकी हिरोसिमा झण्डै १०० वर्षा मरूभूमिमा परिणत भयो ।

इरान-अमेरिका युद्धले त्यस्तै खालको समस्या आउन सक्छ । त्यसैले युद्ध कुनैपनि कोणवाट राम्रो पक्ष होइन पृथ्वीमा जति मानिस जन्मेका छन् । उनिहरू सवैको शान्तसँग बाच्न पाउने अधिकार खोसिनु हुदैन ।

# जेनजी पुस्ताको अपेक्षा र चुनाव



■ केशव अधिकारी

सही मानेमा भन्ने हो भने जेनजी पुस्ताको चाहना भनेको देशमा भ्रष्टाचार मुक्त सुशासन कायम गराउनु थियो । सुशासन कायम भएपछिका दिनमा देशको चौतर्फी विकास तथा उन्नतिको सपना पनि बुनिएको हुन्छ नै । तर जेनजी पुस्ताभित्रकै नेतृत्व गर्न सक्ने आधिकारिक जेनजी पुस्ताको अभावमा अन्तरिम सरकारले चुनाव गराउने तयारी गरिरहेको छ ।

चुनाव एउटा उपाय भए पनि वर्तमानको यो चुनावले जेनजी पुस्ताका अपेक्षा पूरा हुने केही अपेक्षा राखिएको भए पनि पूर्णता भने पाउन सक्ने अवस्था बनेको छैन । पुराना राजनीतिक दलहरुले संसद् पुनर्स्थापना होस् भन्ने हेतुले चुनावमा सहभागी हुँदै छन् । हामीमध्ये चुनावमा जसले जितेर सरकार गठन गरे पनि पुराना अनियमितताका मामलामा उनीहरू एकढिक्के हुनेवाला छन् । उनीहरूका अनुसार संसद् पुनर्स्थापना भयो र पुरानै राजनीतिक दलले हालिमुहाली गर्न पुगे भने जेनजी पुस्ताको आन्दोलनको औचित्य पूर्णरुपमा सकिएको मान्नुपर्ने हुन्छ ।

पुराना राजनीतिक दलले हालिमुहाली गर्न पाए भने विगतको भन्दा पनि नीच कर्मतिर लाग्न अनि घमण्ड बढाउनतिर लाग्नेछन् भन्ने कुरामा कुनै शङ्का छैन । चुनावको प्रचारप्रसारमा लागिरहँदा पुराना राजनीतिक दलका उम्मेदवारले नयाँ तथा युवा केन्द्रित राजनीतिक दलका बारेमा पनि विभिन्न रहस्यहरूको पर्दाफास गरिरहेका छन् । यो प्रचारप्रसारले गर्दा आम जनताको मानसमा नयाँ राजनीतिक दलप्रतिको विश्वासमा सङ्कट नआउला भन्न पनि सकिने ठाउँ छैन । पुराना राजनीतिक दलका राजनीतिक अकर्मण्यताका शृङ्खलाबाट आजित भएका नेपाली जनतालाई नयाँ राजनीतिक दलहरूले आफ्ना पक्षमा पारेर मत प्राप्त गर्नको लागि के-कस्ता प्रयास गर्छन् र कतिको विश्वासमा लिन सक्छन्, तदनुसार जित्ने र हार्ने कुरा आँकलन गर्न सकिन्छ ।

चुनावको मुखतिर समय धस्कँदै जाँदा चुनाव नै नहोला कि भन्ने आशङ्का पनि बढ्न थालेको छ । पूर्वराजाले समेत भाषणमार्फत चुनाव रोक्न आह्वान गर्दै गरेको अवस्था विद्यमान रहेको छ । यदि चुनाव हुन सकेन र पुराना राजनीतिक दलले चाहेनुसारको संसद् पुनर्स्थापना भएको खण्डमा जेनजी पुस्ताको विद्रोह आफैँमा खेर गएको ठहर्छ । झन्डै सात दर्जनको बलिदानीबाट आएको परिवर्तनलाई आत्मसात् गर्न नसक्नेहरुबाटै यसलाई बिथोल्ने काममा अधिक प्रयास भएको वा हुने गरेको पाइन्छ । जेनजी पुस्ताका सपना बिथोलिनु भनेको नै नेपाली जनताका परिवर्तनका चाहनामाथि तुषारापात हुनु हो ।

यी सबै हुनुका पछाडि छोटो समयमा सफल विद्रोह गर्न र आमूल परिवर्तन ल्याउन सक्ने जेनजी पुस्ताको आधिकारिक प्रतिनिधिको अभाव, सफल विद्रोहपछिको स्पष्ट गन्तव्यको अभाव, जेनजी पुस्ताले स्वयं स्वतन्त्र भएर निर्णायक भूमिका सम्हाल्न नसक्नुजस्ता कमजोर पक्षको उपज मान्नुपर्ने हुन्छ । यसै दिशाहीनताको कालखण्डबाट गुज्रँदै गर्दाको समयमा आफ्ना माग पूरा गराउनको लागि प्रधानमन्त्री सुशीला कार्कीलाई दबाब दिएका भए पनि कानुनी प्रक्रियाका बारेमा अनभिज्ञ रहेका कारण उनीहरुको दबाब केवल केटौले तहको दबाब मात्र हुन पुग्यो ।

त्यस्तै केटौले स्तरको दबाब बोकेर शिक्षामन्त्री महावीर पुनलाई दबाब दिन गएको जेनजी पुस्तालाई मन्त्री पुनले नाजवाफ हुने गरी दिएको उत्तरले उनीहरु साँच्चै नाजवाफै भएर फर्कन बाध्य भएका थिए । यसरी धेरैतिरबाट उनीहरू पराजित हुँदै जाँदाको छोटो कालक्रममै पनि जेनजी पुस्ताका युवाहरु निरुत्साहित हुन पुगेका थिए । यस कुराले के देखाउँछ भने, जेनजी पुस्ताका युवाहरू धैर्यशील बनेर अलि लामो समय कुर्न वा टिक्न सक्ने खालका छैनन् । अधैर्यताले गर्दा पनि जेनजी पुस्ताका सपना पूरा गराउने बाटो तय गर्न अवरोध पुग्न सक्ने अनुभूति परिपक्वहरुले गरेका हुन्छन् । जुन अनुभूति भनेको पीडाबोध गराउने, निराशा बढाउने खालका हुन्छन् ।

एउटा नयाँ सोच, जाँगर, उत्साह, उज्यालो भविष्यको चित्र नदेखी कुनै पुस्ता पनि विद्रोहमा लाग्दैन । यदि लागेको खण्डमा उपलब्धिभन्दा गुमाउने कुरा अधिक हुन्छ । जुन विद्रोह पछि गएर असफल राजनीतिक प्रतिशोधको रुपमा रुपान्तरित भई शुरुवाती विद्रोहको कालखण्डमा उपलब्ध भएका महत्वपूर्ण चिजलाई सजिलैजस्तो देखिने गरी तिलाञ्जलि दिन विवश हुनुपरेका घटनाहरु निकै ठाउँका विद्रोहका नजिरको रुपमा स्थापित हुन पुगेका छन् ।

अबका दिनमा हाम्रो देशको जेनजी पुस्ता पनि कुनै बेग्लै अस्तित्वमा अडिन नसकेर बिस्तारै लाचार बन्दै विगतमा सत्ताको तर मारेर हालिमुहाली मच्चाएका र उच्च अहंताको मानसिकतामा जीवित हुँदै आएका राजनीतिक दलसँग एकाकार बन्न सक्ने दिन नआउला भन्न सकिँदैन । त्यो अवस्था आएपछिका दिनमा जेनजी पुस्ताप्रतिको आम नेपाली जनताको विश्वास एक थोपो पनि बाँकी नरहेर धुलिसात हुनेछ । यो अवस्था यसरी सिर्जना भयो कि जेनजी पुस्ताको सशक्त नेतृत्वको अभावले गर्दा यस्तो भएको हो । यसै विषयलाई लिएर जेनजी समूहको परिचालन काठमाडौँ महानगरका मेयर बालेन्द्र शाहले गरेका हुन् भन्नेजस्ता प्रचारप्रसारका कुरा पनि सुन्न र पढ्न पाइयो ।

अबको चुनावबाट पनि सही र निर्दिष्ट दिशानिर्देश गर्न सक्ने नेतृत्व चुनिए हुने थियो भन्ने अपेक्षा आम जनतालगायतका जेनजी समूहको पनि रहेको छ । केही नहुनुको साटो थोरै भए पनि उपलब्धि भयो भने यसलाई अग्रगमनकै संज्ञा दिन सकिन्छ । जेनजी समूहले चाहेजसरी नभए पनि पुराना राजनीतिक दलका गाडिएका पुरानै जरा केही मात्रामा चलायमान भएका मात्र होइन कि चुँडिएका पनि छन् ।

यो चुनावले बाँकी रहेका सबै जरा चुँडाउन सक्ने खालको परिणाम देखाइदिन सकेको खण्डमा जेनजी समूहका अपेक्षामध्येका केही प्रतिशत अपेक्षा त पूरा भएकै मान्नुपर्छ । अर्को छोटो समयमा भएको आमूल परिवर्तन धेरैलाई अपाच्य पनि हुन सक्छ । किनभने त्यस विषयमा मानसिक रुपमा जनमानस अभ्यस्त भइसकेको हुँदैन । नेपालमा १०४ वर्ष लामो अवधिसम्म टिकेर आफ्नै मर्जिअनुसारको शासन चलाउँदै आएको राणाशासन पनि क्रमशः जरा उखेलिँदै गएर पाइला-पाइलामा कमजोर बन्दै जान थाल्यो र अन्त्यमा धराशायी भएरै छाड्यो ।

अहिलेको यो चुनावको माहोललाई हेर्दा र पुराना राजनीतिक दलरुका कर्तुतका कुरा सुन्दा हाम्रो आङ जिरिङ्ग भएर आउँछ । अनि हामी धेरैको दिमागले सोच्न थाल्छ कि ती पुराना राजनीतिक दलहरु सबै खराब थिए, अब जितेर आउने नयाँ अनुहारले सबै राम्रा काम गर्नेछन्, त्यसपछि देशको विकास, सुशासनजस्ता कुरा घोडादौडको गतिमा अगाडि बढ्लान् । त्यसपछि हामी सबै सुखी र समृद्ध हुनेछौँ भन्ने सोचाइ हाम्रो मानसमा आउन सक्छ । तर यो सोचाइको केही थोरै प्रतिशत सही भए पनि धेरै प्रतिशत गलत हुन सक्छ । विजेता बनेर आउनेहरुले देश र जनताका लागि राख्ने विचार वा मानसिक सोच कस्तो छ ? भनेर उनीहरूका भाषणबाट थाहा पाइन्छ भने उनीहरूले गरेका कर्मबाट उनीहरुको क्षमता विचार गरिन्छ ।

विजेता बनेर आएकामध्ये बीस प्रतिशत प्रतिनिधिले देश र जनताका लागि साँचो वा पवित्र मानसले काम गर्न सके, अवरोध आएका स्थानमा विद्रोह गर्न सके भने नेपाली जनताका लागि मात्र होइन कि जेनजी समूहका लागि पुनः दोस्रो आन्दोलन गर्नुपर्ने बाध्यता आउँदैन । यदि जेनजी समूहको त्यो सफल आन्दोलन भदौ २३-२४ मा नभएको हुँदो हो त आजका दिनमा यतिको आशा लाग्दो अवस्था आउने थिएन होला ।

जेनजी समूहले आन्दोलन गर्दै गर्दाका दिनमा देश रफ्तारमा भ्रष्टाचार र बेथितिमा फस्दै थियो, त्यो घटेर जानुको साटो पछि अझै बढेर जानेवाला थियो, त्यसमा केही हदसम्म बिर्को लागेको छ । जेनजी समूहले यसैलाई पनि आन्दोलनको एउटा उपलब्धिको रुपमा लिन सक्नुपर्छ । भन्न खोजिएको कुरा के भने, जेनजी आन्दोलनपछिका कालखण्डमा जति मात्रामा उपलब्धि हात परेको छ, त्यसैमा सन्तुष्ट भएर ढुक्क पर भनिएको चाहिँ किमार्थ होइन । अपेक्षित उपलब्धि हात नपरेसम्म सङ्घर्षको मैदानमा उत्रनु आवश्यक नै हुनेछ ।

राजनीतिको भीडन्तमा खरो उत्रेर आएको आधिकारिक नेतृत्वको सरकारलाई हो भने जेनजी समूहले बाध्य बनाएर भए पनि आफ्ना माग पूरा गराउन दबाब दिन सक्ने अवस्था हुन्थ्यो । तर अन्तरिम सरकारको नेतृत्व गर्ने प्रधानमन्त्रीले देशलाई अराजक गतिविधिको अवस्थाबाट सामान्य अवस्थामा र सामान्य अवस्थाबाट चुनावी गतिविधिको माध्यमबाट आधिकारिक (जनताको निर्देश पाएको) सरकारलाई सत्ता सुम्पनु नै मुख्य कर्तव्य र सफलता हो भन्ने मान्यता राख्नुपर्ने हुन्छ ।

चुनाव केवल एउटा माध्यम मात्र हो, साध्य होइन । जेनजी समूहकै कोही आधिकारिक ठहरिएका व्यक्तिबाट सुन्न पाइन्छ कि चुनाव हाम्रो माग होइन, तथापि चुनावको वातावरण तयार भइसकेकोले चुनावलाई मान्न हामी तयार भएका मात्र हौँ । जेनजी पुस्ताले केवल चुनावमय वातावरण भएकाले चुनावलाई मान्यता दिएको मात्र हो कि चुनावको परिणाम अपेक्षित भएन भने त्यसलाई पनि मान्यता दिने कि नदिने ? भन्ने कुरा आजै निक्यौल गर्नुपर्छ । नेकपा एमाले अध्यक्ष तथा पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले भनेजसरी नै चुनावमा अपेक्षित परिणाम आयो भने सही आएन भने गलत भन्ने भाष्य सिर्जना हुँदै र लागूसमेत हुँदै गएको छ । नयाँ र उदीयमान शक्तिले पनि उही पुरानै ढर्राका व्यवहार गर्न थाल्छन् भने तिनको भरोसा कतै पनि गर्न सकिने ठाउँ रहँदैन । ठाउँ नरहनुको अर्थ आम जनताको अपेक्षित आशा र भरोसा टुट्दै जानु हो ।

यदि जबरजस्त परिवर्तनको अपेक्षा राखेको हो भने भदौ २३-२४ को आन्दोलनलाई अधुरो ठानेर त्यस अधुरो वा अपुरो कर्मलाई मन, बचन र कर्मले पूरा गर्ने दिशातिर लाग्न तयार हुनुपर्छ । आखिर जे भए पनि चुनावको मुखतिर आएर जेनजी समूहले चुनाव चाहेको थिएन तर अहिलेलाई स्वीकार गरियो भन्नुको वास्तविक अर्थ के हुन्छ ? विगतको नेपालको राजनीति यसै खालको लेते व्यवहारले बिग्रँदै गएर हेर्नै नसकिने कुरुप बन्दै गएको छ । आफैँमा बदनाम बन्दै छ । तर शासकलाई त्यसैभित्रको गन्हाउने फोहोरभित्र लुकेरै भए पनि मस्ती गर्ने रहर जागेर आउन थालेको छ ।

जनआकाश
Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP



# मौन अवधि मतदाताले अन्तरआत्माले निर्णय गर्ने अवसर हो : कार्यवाहक प्रमुख आयुक्त

काठमाडौं । निर्वाचन आयोगका कार्यवाहक प्रमुख आयुक्त रामप्रसाद भण्डारीले मौन अवधि मतदाताले अन्तरआत्माले स्वतन्त्रतापूर्वक निर्णय गर्ने अवसर भएको बताएका छन् ।

राजनीतिक दल तथा उम्मेदवारको दबाबबाट मुक्त भई मतदाताले आफ्नो विवेकको निर्णय आफ्नै अन्तरआत्माले स्वतन्त्रतापूर्वक गर्ने अवसरको निम्ति प्रचारप्रसार निषेध वा मौन अवधि तोक्ने गरिएको उनले बताए। यसले स्वच्छ प्रतिस्पर्धालाई प्रवर्द्धन गर्ने उनको विश्वास छ ।

२१ फागुनको निर्वाचनका लागि आयोगले ४ फागुनदेखि १८ फागुन (सोमबार) सम्मका लागि निर्वाचन प्रचारप्रसारको समय निर्धारण गरेको थियो ।

निर्वाचन प्रचार अभियानलाई केवल विजयी हुने साधनका रूपमा मात्र नलिई आम



मतदाताको मन जित्ने संस्कार युक्त प्रक्रियामा परिणत गर्नुपर्ने कार्यवाहक प्रमुख आयुक्त भण्डारी बताउँछन् ।

यही मान्यताअनुसार मतदाताहरूले शान्त वातावरणमा बसेर उपयुक्त उम्मेदवार चयन गरुन् भन्ने मनशायमा विश्वव्यापी रूपमा नै मतदान अघिको केही समयलाई प्रचारप्रसार निषेध गर्ने प्रचलन रहेको उनले बताए ।

मौन अवधिका लागि तोकिएका आचरण अक्षरशः पालना गर्दा त्यसबाट राजनीतिक दल, उम्मेदवार एवं सरोकारवाला सबैबाट निर्वाचनको स्वच्छता र निष्ठा प्रवर्द्धन गर्न मद्दत पुग्ने उनको विश्वास छ ।

प्रचारप्रसार निषेध अवधिमा निर्वाचन प्रचारप्रसार लगायत कुनै पनि प्रकारका छलफल, अन्तरक्रिया, सभा सम्मेलन, कार्यशाला गोष्ठी आदि गर्न पाइँदैन । मतदान हुने दिनको ४८ घण्टाअघि मतदान स्थलको तीन सय मिटर वरिपरि राखिएका राजनीतिक दल वा उम्मेदवारका प्रचारप्रसार सामग्री हटाउन पनि सम्बन्धीत दललाई निर्देश गरेको छ ।

यो अवधिमा राजनीतिक दल तथा उम्मेदवार, दलका भ्रातृ संगठनहरूले सामाजिक सञ्जालमार्फत गरेका विज्ञापन तथा निर्वाचन प्रचारप्रसारका सामग्री हटाउनुपर्छ । कार्यवहाक प्रमुख आयुक्त भण्डारीका अनुसार निषेध अवधिमा सामाजिक सञ्जाल, अनलाइन, छापा वा अन्य कुनैपनि माध्यमबाट राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा प्रचारप्रसार सामग्री पोष्ट गरेको पाइए कारबाही हुनेछ ।

## २०७४ को चुनाव सम्झादै प्रचण्डले भने– वामपन्थी एकता आवश्यक छ

काठमाडौं । नेपाली कम्युनिस्ट पार्टीका संयोजक पुष्पकमल दाहाल प्रचण्डले वामपन्थी एकतामा जोड दिएका छन् ।

भक्तपुर क्षेत्र नं. २ मा नेकपा एमालेसँग आबद्ध व्यक्तिहरुलाई नेपाली कम्युनिष्ट पार्टीमा प्रवेश गराउँदै उनले यस्तो बताएका हुन् । 'आजको आवश्यकता भनेको वामपन्थी ध्रुवीकरणकै हो । वामपन्थी एकता आजको एकदमै महत्वपूर्ण आवश्यकता हो,' उनले भने ।

यसक्रममा प्रचण्डले २०७४ सालको निर्वाचन सम्झिए । त्यसबेला तत्कालीन नेकपा एमाले र तत्कालीन नेकपा माओवादी केन्द्रले मिलेर चुनाव लडेका थिए ।

'हामी २०७४ को निर्वाचनमा एक भएर निर्वाचन लड्यौं । पछि एउटै पार्टी पनि बनायौं । झण्डै दुई तिहाइ एक्लै एउटै पार्टीको भएको थियो । तर, नेतृत्व सही नहुँदा त्यत्रो शक्ति आर्जन गरेर जनताको त्यति ठूलो विश्वास जितेर पनि बचाउन सकिएन,' उनले भने ।

गत २३ र २४ भदौमा भएको जेनजी आन्दोलनपछि अझ कम्युनिस्टहरूबीच एकता आवश्यक भएको भन्दै प्रचण्डले आफू एकता प्रक्रियामा रहेको बताए ।

'अहिले जेनजीको आन्दोलन, भदौ २४ गतेको घटनाक्रमपछि फेरि कम्युनिस्टहरू लाई एकतावद्ध गर्ने आवश्यकता झन बढ्यो । नेपाली कम्युनिस्ट पार्टी बनाउने प्रक्रिया अगाडि बढ्यो,' प्रचण्डले भने, ' एमालेबाट ठूलो संख्यामा केन्द्रका नेताहरूदेखि विभिन्न प्रदेशका मन्त्री र सांसदहरू अहिले दिनदिनै जस्तो नेपाली कम्युनिस्ट पार्टीमा जोडिने प्रक्रिया अगाडि बढिराखेकै छ ।'

निर्वाचनको मुखमा सूर्यविनायक नगरपालिका वडा नं. ८ का श्याम मचामसी, राम बाला र राजु लवजू, भक्तपुर नगरपालिका वडा नं. ७ का रघुनाथ सुवाल तथा चाँगुनारायण नगरपालिका वडा नं. ८ का कृष्ण राम कवा लगायतका नेता-कार्यकर्ताहरुले नेकपा एमाले परित्याग गरी नेपाली कम्युनिष्ट पार्टीमा प्रवेश गरेका हुन् ।

# निर्वाचन विरोधी गतिविधि गर्नेलाई कानुनी कारबाही हुन्छ : गृहमन्त्री

बझाङ। गृहमन्त्री ओमप्रकाश अर्यालले निर्वाचनविरोधी गतिविधि सह्य नहुने र दोषीलाई कानुनको दायरामा ल्याउने बताएका छन् ।

आइतबार नेपाली सेनाको हेलिकप्टरमार्फत बझाङ पुगेका अर्यालले जिल्ला प्रशासन कार्यालयमा सुरक्षा निकायका प्रमुखहरूसँग छलफल तथा स्थलगत जानकारी लिए ।

त्यसलगत्तै सञ्चारकर्मीसँग कुरा गर्दै गृहमन्त्री अर्यालले बझाङमा विगतका निर्वाचनमा देखिएका कमी-कमजोरी यसपटक दोहोरिन नदिने स्पष्ट पारेका छन् ।

'विगतका निर्वाचनमा भएका गल्ती-कमजोरी यसपटक दोहोरिन दिनुहुँदैन । जे-जति जनशक्ति र स्रोत-साधन उपलब्ध छन्, त्यसको अधिकतम उपयोग गरेर निष्पक्ष, पारदर्शी र विश्वसनीय तरिकाले निर्वाचन सम्पन्न गर्छौं,' उनले भने ।

उनले प्रशासनिक संयन्त्र सक्षम, सजग र निष्पक्ष रहेको उल्लेख गर्दै निर्वाचन शान्तिपूर्ण र व्यवस्थित रूपमा सम्पन्न गराउन सरकार प्रतिबद्ध रहेको बताए ।

विगतमा देखिएका धाँधलीजन्य गतिविधि प्रति संकेत गर्दै गृहमन्त्री अर्यालले यस्ता कार्य कदापि सह्य नहुने बताए ।

'भौगोलिक विकटता वा अन्य कुनै बहानामा अर्काको नाममा मतदान गर्ने, मृत व्यक्तिको नाममा भोट हाल्ने तथा बुथ कब्जा गर्ने जस्ता गतिविधि यसपटक दोहोरिन दिँदैनौं,' उनले भने ।

निर्वाचन विरोधी गतिविधिमा संलग्न जो-कोहीलाई कानुनी कारबाही गरिने उनको भनाइ छ । 'त्यो चाहे राष्ट्रसेवक होस्, सर्वसाधारण, मतदाता वा दलका प्रतिनिधि–निर्वाचन



विरोधी गतिविधि गर्नेलाई नियन्त्रणमा लिएर कानुनको दायरामा ल्याउँछौं । गैरकानुनी काम गर्नेलाई कारबाही हुन्छ,' गृहमन्त्री अर्यालले भने ।

उनले सबै राजनीतिक दल, उम्मेदवार, मतदाता तथा सरोकारवालालाई स्वच्छ, स्वस्थ र प्रतिस्पर्धात्मक वातावरण कायम राख्न सहयोग गर्न आग्रह गरे । निर्वाचनमा गलत हर्कत गर्ने जो-कोहीलाई पनि कानुन अनुसार कारबाही हुनेमा उनले जोड दिए ।

# इरानमाथि अमेरिका–इजरायली हमलाको झलनाथ खनालले गरे भर्त्सना

काठमाडौं । पूर्वप्रधानमन्त्री झलनाथ खनालले इरानमाथि अमेरिका र इजरायली हमलाको भर्त्सना गरेका छन् ।

प्रेस नोट निकालेर उनले अमेरिका र इजरायलले इरानमाथि गरेको संयुक्त सैनिक आक्रमणको भर्त्सना गरेका हुन् ।

आक्रमणका क्रममा इरानका सर्वोच्च नेता आयतोल्लाह अली खामेनी तथा अन्य उच्च पदस्थ अधिकृतहरूको निधन भएको छ । यसलाई निर्मम हत्याको संज्ञा दिँदै खनालले घटनाप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएका छन् ।

'यो घटना मानव अधिकारको ठाडो उल्लंघन, मानवीय विवेकको पूर्ण परित्याग र अन्तर्राष्ट्रिय कानुनको खुल्लमखुल्ला धज्जी उडाउने कार्य हो,' उनले भनेका छन्, 'एक सार्वभौम राष्ट्रका सर्वोच्च नेताको हत्या गरेर तथा विद्यमान सबै प्रकारका अन्तर ाष्ट्रिय वैधानिकतालाई कुल्चँदै, अन्तर्राष्ट्रिय सम्बन्धका आधार भूत सिद्धान्तहरू र संयुक्त राष्ट्र संघको बडापत्रसमेतको उल्लंघन



गरेर इरानमाथि गरिएको यो ' नग्न र जंगली आक्रमणको हामी कडा शब्दमा निन्दा र भर्त्सना गर्दछौं ।'

नेपाली कम्युनिस्ट पार्टीका नेता समेत रहेका पूर्वप्रधानमन्त्री खनालले अमेरिकी राष्ट्रपति र इजरायली प्रधानमन्त्रीको प्रत्यक्ष निर्देशनमा भएको इरानमाथिको संयुक्त आक्रमणले विश्वलाई असाधारण रूपले 'जंगली राज'को युगतर्फ धकेल्ने दुस्साहस गरेको बताएका छन् ।

उनले लेखेका छन्, 'यस कदमले विश्वका आम जनता, हामी जस्ता साना तथा विकासमा पछि परेका राष्ट्रहरू र विशेषगरी तेस्रो विश्वका मुलुकहरूको स्वतन्त्रता, स्वाभिमान र सार्वभौमसत्तामाथि अभूतपूर्व खतरा पैदा गरेको छ ।'

अब विश्व शक्तिहरू, मझौला र साना शक्तिहरू बस्न नहुने उनको आग्रह छ । 'यस प्रकारको निर्मम, कठोर र साम्राज्यवादी आक्रमणका विरुद्ध अब विश्व शक्तिहरू, मझौला र साना शक्तिहरू पनि मौन बस्ने अवस्थाको अन्त्य भएको छ' उनी लेख्छन्, 'तसर्थ, हामी सम्पूर्ण अन्तर्राष्ट्रिय समुदायलाई यो दादागिरी र गैरकानुनी हिंस्रक आक्रमणका विरुद्ध एकताबद्ध हुन हार्दिक आह्वान गर्दछौं ।'

## रामेछाप डायरी

# रामेछापमा ४१ मतदान स्थल अति संवेदनशील, कडा सुरक्षा तयारी

फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनका लागि रामेछाप जिल्लाका ४१ वटा मतदान स्थललाई अति संवेदनशील सूचीमा राखिएको छ । सुरक्षा अवस्थाको मूल्यांकन गर्दै जिल्ला सुरक्षा निकायले यस्तो वर्गीकरण गरेको हो ।

दुई नगरपालिका र ६ गाउँपालिका गरी ६४ वडा रहेको रामेछापमा कुल ९६ मतदान स्थल र २२८ मतदान केन्द्र रहेका छन् । एक मात्र निर्वाचन क्षेत्र रहेको जिल्लामा मतदान शान्तिपूर्ण र व्यवस्थित बनाउन सुरक्षा रणनीति कडाइका साथ लागू गरिएको जनाइएको छ । जिल्ला प्रहरी कार्यालय रामेछापका प्रमुख (डिएसपी) भोलाकुमार भट्टका अनुसार अघिल्लो निर्वाचनको अनुभव, भौगोलिक बनावट, सुरक्षा पेरिमिटर र पूर्वाधारको अवस्थालाई आधार मानेर मतदान स्थललाई सामान्य, संवेदनशील र अति संवेदनशील गरी वर्गीकरण गरिएको हो । उहाँका अनुसार ४१ वटा अति संवेदनशील, ३५ वटा संवेदनशील र २० वटा मतदान स्थल सामान्य श्रेणीमा परेका छन् ।

उहाँले सुरक्षाको दृष्टिले सामान्य भनिएका मतदान स्थल पनि पूर्ण रूपमा जोखिममुक्त नरहेको उल्लेख गर्दै सम्भावित जोखिमको आकलनका आधारमा सुरक्षाकर्मी परिचालन गरिएको बताउनुभयो । अनुगमनका क्रममा करिब १५-१६ मतदान स्थलमा काँडे तार वा सुरक्षा पेरिमिटर नभएको पाइएको र आवश्यक व्यवस्था मिलाउन स्थानीय तहलाई परिपत्र गरिएको उहाँले बताउनुभयो ।

डिएसपी भट्टका अनुसार जिल्लाका ३१ मतदान स्थलमा हाल सीसी क्यामेराबाट निगरानी भइरहेको छ । अन्य स्थानमा पनि सम्भव भएसम्म सीसी क्यामेरा जडान गर्न स्थानीय तह,




विद्यालय प्रशासन र मतदान व्यवस्थापन समितिलाई सुझाव दिइएको छ ।

निर्वाचन सुरक्षाका लागि जिल्लामा उपलब्ध प्रहरी जनशक्तिसँगै तालुक कार्यालयबाट थप सुरक्षाकर्मी मगाइएको छ । खटिने प्रहरीहरूलाई युनिटगत रूपमा परिचालन गरिसकिएको र मतदानको ३-४ दिनअघि सम्बन्धित स्थलमा पठाइने तयारी छ। उनीहरूलाई घेरा सुरक्षा, परिचालन विधि तथा आकस्मिक अवस्थाको कार्ययोजनाबारे विस्तृत ब्रिफिङ गरिएको प्रहरीले जनाएको छ ।

कुनै स्थानमा समस्या देखिएमा नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र नेपाली सेनाबीच समन्वय गरी कम्बाइन्ड सुरक्षा रणनीति लागू गरिने सुरक्षा निकायको तयारी छ । हालको तयारीका आधारमा निर्वाचन स्वतन्त्र, निष्पक्ष र धाँधलीरहित हुनेमा जिल्ला प्रहरी कार्यालय विश्वस्त रहेको डिएसपी भट्टले बताउनुभयो ।

यसैबीच, जिल्ला निर्वाचन कार्यालय रामेछापका निर्वाचन अधिकृत नारायण लामिछानेका अनुसार जिल्लामा १ लाख ८७ हजार ९५२ मतदाता रहेका छन् । त्यसमध्ये २ हजार ४२२ अस्थायी मतदाता रहेका छन् । निर्वाचनमा तीन जना स्वतन्त्रसहित १४ राजनीतिक दलका गरी १७ उम्मेदवार चुनावी प्रतिस्पर्धामा रहेका छन् ।

# महोत्तरी–१ मा उज्यालो नेपालका उम्मेदवार गुप्ता एमाले प्रवेश



महोत्तरी । महोत्तरी क्षेत्र नं १ का उज्यालो नेपाल पार्टीका उम्मेदवार नेकपा एमाले प्रवेश गरेका छन् । कुलमान घिसिङ नेतृत्वको उज्यालो नेपाल पार्टीका तर्फबाट उम्मेदवार रहेका मनोजकुमार गुप्ता सोमबार एमाले प्रवेश गरेका हुन् ।

उनेपाका उम्मेदवार गुप्ता एमालेका उम्मेदवार लक्ष्मी महतो कोइरीलाई समर्थन गर्दै पार्टी प्रवेश गरेको एमालेका युवा नेता शंकर महतोले बताए ।

गुप्तालाई एमालेका केन्द्रीय सदस्य तथा मधेस प्रदेशका पूर्वमुख्यमन्त्री सरोजकुमार यादवलगायतले पार्टीमा स्वागत गरेका हुन् ।

एमाले प्रवेश गर्दै गुप्ताले मुलुकमा विद्यमान राजनीतिक अस्थिरता अन्त्य गर्दै स्थिरता, सुशासन र समृद्धिको आधार निर्माण गर्न सक्षम नेतृत्व आवश्यक रहेको औंल्याए ।

उनले लामो संघर्षबाट प्राप्त जनपक्षीय संविधान, राष्ट्रिय स्वाधीनता, लोकतान्त्रिक मूल्य-मान्यता र सामाजिक न्यायको रक्षा गर्न दृढ राजनीतिक इच्छाशक्ति आवश्यक रहेको उल्लेख गरे ।

महोत्तरीको समग्र विकास, सामाजिक सद्भाव, आर्थिक सशक्तीकरण तथा जनताको जीवनस्तर उकास्न राष्ट्रियहितमा आधारित निर्णय जरुरी रहेको जिकिर गर्दै यही आवश्यकतालाई मध्यनजर गरेर आफूले नेकपा एमालेका उम्मेदवार कोइरीलाई समर्थन गर्ने निर्णय लिएको गुप्ताले स्पष्ट पारे ।

# होलीको शुभकामना दिँदै गगन थापाले भने– चुनावमा उत्साहपूर्वक सहभागी हुनुस्

काठमाडौं । नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले फागु पूर्णिमा (होली) को अवसरमा शुभकामना व्यक्त गर्दै आगामी प्रतिनिधि सभा सदस्य निर्वाचनमा उत्साहपूर्वक सहभागी हुन अपिल गरेका छन् ।

नेपाली समाजका विविध भूगोल, जातजाति, भाषा, धर्म, कला र संस्कृतिको विविधता नै नेपालको विशिष्ट पहिचान भएको उल्लेख गर्दै उनले फागु पूर्णिमा आपसी प्रेम, एकता र सद्भावको पर्व भएको बताएका छन् ।

शुभकामना सन्देशमा उनले फागु पूर्णिमासँगै प्रतिनिधि सभा सदस्य निर्वाचन लोकतान्त्रिक अभ्यासको महत्वपूर्ण अवसरका रूपमा आएको उल्लेख गर्दै निर्वाचन शान्तिपूर्ण र मर्यादित रूपमा सम्पन्न हुने विश्वास व्यक्त गरेका छन् ।

लोकतन्त्र सुदृढीकरण र समुन्नत राष्ट्र निर्माणका लागि फागुन २१ गते हुने निर्वाचनमा सक्रिय सहभागिता जनाउन सबै नेपालीलाई उनले आह्वान गरेका छन् ।

अन्त्यमा उनले फागु पूर्णिमाले सबैको घर-परिवारमा सुख, शान्ति र समृद्धि ल्याओस् भन्ने कामना गरेका छन्

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP
वर्ष -१८, अंक- ३१,
२०८२ साल फागुन १९ गते मंगलबार
3 MARCH 2026, TUESDAY

# एनसेल र दामी एक्सपिरियन्सको सहकाय




काठमाडौं । एनसेल बिजनेसले डिजिटल प्रिभिलेज कार्ड प्लेटफर्म दामी एक्सपिरियन्ससँगको साझेदारीमा ४०० भन्दा बढी आउटलेटहरुमा प्राप्त गर्न सकिने विशेष अफर सार्वजनिक गरेको छ । मंगलबार एक सम्झौता पत्रमा दुई कम्पनीका प्रतिनिधिले हस्ताक्षर गरेसँगै यो अफर औपचारिक रूपमा सुरु भएको हो ।

सम्झौतामा एनसेलका प्रमुख कार्यकारी अधिकृत माइकल फोले र दामी एक्सपिरियन्सका प्रमुख कार्यकारी अधिकृत विजेन्द्र कुँवरले हस्ताक्षर गरेका थिए ।

यस साझेदारीअन्तर्गत प्रोफेसनल वा प्रिमियम एनसेल सिग्नेचर योजनामा आबद्ध ग्राहकहरूले विभिन्न रेस्टुरेन्ट, स्पा, व्यायामशाला र मनोरञ्जन गतिविधिहरूमा ५० प्रतिशतसम्म छुट प्राप्त गर्न सक्नेछन् । यो अफर व्यावसायिक नेटवर्किङ अनि स्वस्थ जीवनशैली निर्वाहमा सहयोग गर्ने गरी तयार पारिएको छ ।

यो साझेदारीप्रति उत्साह व्यक्त गर्दै एनसेलका प्रमुख कार्यकारी अधिकृत माइकल फोलेले भने, 'यो साझेदारीले नेतृत्वदायी भूमिकामा रहेका हाम्रा ग्राहकहरू लक्षित सिग्नेचर प्लानहरूलाई अझ बढी विशेष बनाएको छ । प्रिमियम अनुभूति अनि जीवनशैलीसँग जोडिने सुविधाहरूसहित हाम्रो सिग्नेचर प्लानले गुणस्तरीय, सुरक्षित र विश्व स्तरीय सञ्चार सुविधाका साथ सफलताहरु प्राप्त गर्न सहयोग गर्छ ।' दामी एक्सपिरियन्सले एनसेल सिग्नेचर प्लान प्रयोगकर्ताहरुलाई विशेष छुटहरु प्राप्त गर्न र उपभोग गर्न सहयोग गर्ने र त्यसले उनीहरुलाई कम खर्चमा बढी लाभ प्राप्त गर्न मद्दत मिल्ने कम्पनीले जनाएको छ ।

यस साझेदारीअन्तर्गत प्रयोगकर्ताहरुले हेयर एन्ड शान्तिमा कपाल काट्दा ५० प्रतिशत छुट प्राप्त गर्ने जनाइएको छ । त्यस्तै दुसित प्रिन्सेस होटलमा २० प्रतिशत अनि विभिन्न व्यायामशालाहरुमा ४० प्रतिशतसम्म सम्म छुट लगायतका धेरै रोमाञ्चक अफरहरु एनसेलका सिग्नेचर प्लान प्रयोगकर्ताहरुले प्राप्त गर्न सक्ने जनाइएको छ ।

एनसेल सिग्नेचर प्लान प्रयोगकर्ताहरुले एनसेल एपमा रहेको दामी एक्सपिरियन्समा ट्याप गरेर यी अफरहरूको फाइदा लिन सकिने जनाइएको छ । सरल प्रक्रिया पूरा गरेर एनसेल एप भित्रै रहेको डिजिटल भिआइपी कार्ड सक्रिय बनाएपछि ग्राहकहरूले त्यहाँ सूचिकृत विभिन्न पार्टनर ब्रान्डहरूबाट विविध लाभ लिन सक्नेछन् । कुन कुन ब्रान्ड यो योजनामा सामेल छन् र के कस्ता अफरहरू प्राप्त गर्न सकिन्छ भन्ने कुरा ग्राहकहरूले एनसेल एपमा रहेको दामी एक्सपिरियन्समा गएर आफैं हेर्न सक्नेछन् ।

'प्रिमियम ब्रान्डहरूमा विशेष छुट प्राप्त गर्न सकिने यी विशेष अफरहरूलाई एनसेल सिग्नेचर प्लान प्रयोगकर्ताहरू समक्ष पुऱ्याउन पाउँदा हामी अत्यन्तै हर्षित छौं । म विश्वस्त छु कि यी अनुभवहरूले हाम्रा ग्राहकहरूको व्यावसायिक जीवनशैलीलाई थप परिष्कृत बनाउन मद्दत गर्नेछ,' दामी एक्सपिरियन्सका प्रमुख कार्यकारी अधिकृत विजेन्द्र कुँवरले भने ।

मोबिलिटी सेग्मेन्ट अन्तर्गत एनसेलको एनसेल बिजनेसले प्रोफेसनल र प्रिमियम एनसेल सिग्नेचर प्लानहरू उपलब्ध गराउँदै आएको छ । यो योजना निरन्तर सम्पर्कमा बसिरहनुपर्ने कर्पोरेट अधिकृत, नेतृत्वदायी भूमिका रहेका व्यवसायी प्रति लक्षित गरिएको छ जसले सधैं उत्कृष्ट सेवाहरूको अपेक्षा गर्दछन् । यी योजनामा भ्वाइस, डेटा, एसएमएस र अन्तर्राष्ट्रिय रोमिङ (भोइस र डेटा) सेवाहरू उपलब्ध छन् जसले नेपालभित्र र बाहिर निर्बाध सञ्चार सुविधा सुनिश्चित गर्ने कम्पनीले जनाएको छ ।

२५० जीबीसम्मको उच्च गतिको डेटा, असीमित मासिक कल र एसएमएस तथा विभिन्न प्रमुख देशहरुमा अन्तर्राष्ट्रिय रोमिङ सेवाका लाभहरूका साथ एनसेल सिग्नेचर प्लानले निर्वाध कनेक्टिभिटी सुनिश्चित गर्ने पनि जनाइएको छ ।

व्यक्तिगत आवश्यकताका आधारमा ग्राहकहरूले प्रोफेसनल एनसेल सिग्नेचर प्लान वार्षिक १७ हजार ९९९ रुपैयाँमा वा प्रिमियम एनसेल सिग्नेचर प्लान वार्षिक २१ हजार ९९९ रुपैयाँमा प्राप्त गर्न सक्छन् । छनोट गरिएको योजना अनुसार प्रयोगकर्ताहरूले भारत, चीन, अमेरिका, बेलायत, सिंगापुर, कतार, मलेसिया, थाइल्यान्ड र संयुक्त अरब एमिरेट्स जस्ता प्रमुख गन्तव्यहरूमा मासिक ६० मिनेटसम्म अन्तर्राष्ट्रिय रोमिङ भ्वाइस र १० जीबी रोमिङ डेटा प्राप्त गर्ने जनाइएको छ ।

# चन्द्र ढकाल र राष्ट्रसंघकी आवासीय संयोजकबीच भेट



काठमाडौं । नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले नोभेम्बर २०२६ का लागि तय गरिएको अतिकम विकसित मुलुकबाट नेपाललाई स्तरोन्नति गर्ने समय थप गर्नुपर्ने बताएका छन् ।

संयुक्त राष्ट्रसंघकी नवनियुक्त आवासीय संयोजक लिला पिटर याहियासँग शुक्रबार काठमाडौंमा भएको भेटवार्तामा उनले मुलुक अझै संरचनात्मक रूपमा आर्थिक संक्रमणका लागि तयार नभएकोले केही समय पर धकेल्न आग्रह गरे ।

ढकालले व्यवसायिक समुदायसँगको परामर्शका आधारमा महासंघले स्तरोन्नतिलाई तीन वर्षपछि अर्थात् नोभेम्बर २०२९ सम्म सार्न माग गरे । उनले नेपालको स्तरोन्नति केवल सांकेतिक मात्र नभई दिगो र जनताका लागि लाभदायक होस् भन्ने सुनिश्चित गर्न महासंघ संयुक्त राष्ट्र संघसँग मिलेर काम गर्न तयार रहेकोसमेत बताए ।

नेपालको आर्थिक संवेदनशीलता अझै उच्च रहेकोले पनि निजी क्षेत्रले यो माग गरिरहेको ढकालले बताए । 'हाम्रो उद्देश्य प्रगति रोक्नु होइन । बरु स्तरोन्नति दिगो र आर्थिक रूपमा रूपान्तरणकारी होस् भन्ने सुनिश्चित गर्नु हो,' ढकालले भने, 'बैंकहरूमा तरलता भए पनि निजी लगानीको इच्छाशक्ति कमजोर छ । यस्तो बेला हतारमा गरिने स्तरोन्नतिले थप अवरोध निम्त्याउन सक्छ ।'

महासंघ अध्यक्ष ढकालले बंगलादेशले पनि ३ वर्ष थप समय माग गरेको भन्दै नेपालको निजी क्षेत्रको माग पनि सान्दर्भिक भएको बताए ।

त्यसक्रममा साना तथा मझौला उद्योगहरूले सामना गरिरहेका चुनौतीबारे जानकारी दिँदै ढकालले कृषिमा आधारित करिब ३ लाख उद्योग, युरोपेली बजारमा बढ्दो लागत र सहुलियत कटौतीबाट प्रभावित हुन सक्ने उल्लेख गरे ।

सो अवसरमा संयुक्त राष्ट्रसंघकी नवनियुक्त आवासीय संयोजक लिला पिटर याहियाले संयुक्त राष्ट्रसंघ नेपालको निजी क्षेत्र सुदृढ साझेदारीका लागि सधैं सकारात्मक रहेको बताइन् ।

उनले २०२६ का लागि तय गरिएको अतिकम विकसित मुलुकबाट नेपालको स्तरोन्नतिको समय थप गर्दा संयुक्त राष्ट्र संघ, विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्रा कोष, नेपाल सरकार र निजी क्षेत्र छलफल गरि निष्कर्षमा पुग्न सकिने बताइन् ।

'हामी नेपालको स्तरोन्नति होस् भन्ने चाहन्छौं । तर यसको लागि मुख्य सरोकारावालाहरूको धारणा महत्त्वपूर्ण रहन्छ । त्यसैले सबै सरोकारवालाबीच छलफल गरेर निष्कर्षमा पुगौं,' उनले भनिन् ।

याहियाले नेपालमा युवा जनशक्ति भएको, विभिन्न क्षेत्रमा सम्भावना रहेकोले आर्थिक विकासका लागि पूर्वानुमानयोग्य नीति र राष्ट्रिय संस्थाहरूमाथिको विश्वास आवश्यक रहेको बताइन् । उनले आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धनको लागि सोही अनुरुपको रणनीति तय गर्नुपर्ने सुझाव समेत दिएकी छन् ।

# उम्मेदवारहरुले निर्वाचन आयोगलाई टेरेनन




काठमाडौं । फागुन २१ गतेको प्रतिनिधि सभा सदस्य निर्वाचनलाई लक्षित गरी निर्वाचन आयोगले चुनावी खर्च व्यवस्थापनका लागि उम्मेदवार र राजनीतिक दललाई छुट्टै बैंक खाता खोल्न निर्देशन दिएकोमा हालसम्म करिब ४१ प्रतिशतले मात्र त्यसको पालना गरेका छन् । कूल उम्मेदवारमध्ये ४०.७९ प्रतिशतले मात्रै बैंक खाता खोलेका छन् ।

आयोगले सार्वजनिक सूचना जारी गरेर निर्वाचन अभियान सञ्चालनका लागि प्राप्त हुने सम्पूर्ण आर्थिक सहयोग, चन्दा तथा खर्चको पारदर्शिता सुनिश्चित गर्न छुट्टै बैंक खाता खोलेर त्यसमार्फत खर्च गर्न भने पनि अधिकांश उम्मेदवारले मानेका छैनन् ।

निर्वाचनका लागि मतदान गर्न अब मात्रै एक साता बाँकी छ । यस अवधिसम्म आधाभन्दा बढी उम्मेदवारले आयोगलाई अटेर गरेको देखिन्छ । निर्वाचन आयोगले वित्तीय पारदर्शिताका लागि छुट्टै खाता अनिवार्य गरेको थियो । तर, अधिकांश उम्मेदवारले चासो नदेखाएका हुन ।

आयोगका अनुसार प्रदेश तथा जिल्ला निर्वाचन कार्यालयको सिफारिसमा उम्मेदवार, राजनीतिक दल तथा स्वतन्त्र उम्मेदवारहरूले आफ्नो चुनावी खर्चका लागि अलग्गै खाता खोल्नुपर्छ । उक्त खातामार्फत मात्र निर्वाचनसम्बन्धी आम्दानी र खर्च गर्नुपर्ने हुन्छ ।

निर्वाचन आयोगका सहायक प्रवक्ता सीता पुन श्रीसका अनुसार बुधबारसम्म १ हजार ३८९ जना उम्मेदवारले मात्रै बैंक खाता खोलेको छन् । देशभर ३ हजार ४०६ जना उम्मेदवार छन् ।

'वित्तीय पारदर्शिता र खर्च व्यवस्थापनका लागि छुट्टै बैंक खाता खोल्नुपर्ने भनेका हौं,' उनले भनिन्,'चुनावी प्रचारप्रसार सुरु भइसके पनि अझै धेरै उम्मेदावरले बैंक खाता खोल्न बाँकी नै छ ।'

चुनावी प्रचारप्रसारको लागि छुट्टै खाता खोलेर त्यसबाट चन्दा लिने र खर्च गर्नुपर्ने काम गर्नुपर्ने हुँदा खाता नखोले आचारसंहिता उल्लंघन ठहरिने उनले बताइन् । त्यस्तै, निर्वाचनमा सहभागी ६८ दलमध्ये मात्र १० वटा राजनीतिक पार्टीले बैंक खाता खोलेको उनले जानकारी दिइन् ।

बैंक खाता अनिवार्य गर्नु पारदर्शिता र खर्चको निगरानीका दृष्टिले सकारात्मक कदम भएको जानकार बताउँछन् । तर, चुनावी प्रसारप्रसार सुरु भएर निर्वाचन मिति नजिकिँदासमेत आम्दानी र खर्चलाई पारदर्शी बनाउन छुट्टै खाता खोल्न उम्मेदवारहरुले आयोगलाई अटेर गर्नु वित्तीय पारदर्शिताको लागि राम्रो नहुने उनीहरुको तर्क छ ।

निर्वाचन आयोगले बाँकी दिनमा खाता खोल्ने प्रक्रिया तीव्र बनाउन बैंक तथा सम्बन्धित निकायसँग समन्वय बढाउने जनाएको छ । समयमै सबै प्रक्रिया पूरा गर्न दल र उम्मेदवारलाई आयोगले आग्रह समेत गरेको छ ।

काठमाडौंमा कतिले खोले खाता ?

प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२ मा उम्मेदवाको लागि खर्चको हद निर्धारण गरेको छ ।

काठमाडौं १० वटा निर्वाचन क्षेत्र छन् । यहाँ निर्वाचन क्षेत्र हेरेर उम्मेदवारलाई खर्च सीमा लगाइएको छ । जसमध्ये क्षेत्र नम्बर १, ३,६,७ र ८ क्षेत्रका उम्मेदवारले २५ लाखसम्म खर्च गर्न सक्ने सीमा तोकिएको छ ।

बुधबारसम्म काठमाडौंका २५० उम्मेदवारमध्ये मात्र २१९ ले बैंक खाता खोलेका छन् ।

आयोगले निर्वाचन खर्चलाई पारदर्शी, व्यवस्थित र निगरानीयोग्य बनाउन उदेश्यका साथ बैंक खाता खोल्न सहजीकरण गरिदिन भन्दै राष्ट्र बैंकलाई पत्र पठाएको थियो । त्यसपछि नेपाल राष्ट्र बैंकबाट इजाजतप्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई निर्वाचन प्रयोजनका लागि थप खाता खोल्न बाधा नपर्ने गरी व्यवस्था मिलाउन गत माघ १२ गते नै सर्कूलर जारी गरिएको थियो ।

'गत माघमा हामीले उम्मेदवारलाई छुट्टै बैंक खाता खोल्न सहजीकरण गर्न भनेर बैंक तथा वित्तीय संस्थाहरुलाई जानकारी समेत गराएका थियौं,' राष्ट्र बैंकका कार्यकारी निर्देशक गुरु पौडेलले भने ।

आयोगले गरेको व्यवस्थाले निर्वाचन खर्चको लेखापरीक्षण तथा अनुगमन प्रभावकारी हुने अपेक्षा गरिएको पौडेल बताउँछन् । तर, उम्मेदवार बनेका अधिकांश व्यक्ति र राजनीतिक दलले नै यो व्यवस्था उल्लंघन गर्दा निर्वाचन खर्चमा पारदर्शिता खोज्ने कार्य कागजमा मात्रै सीमित हुने अवस्था बनेको छ ।

# श्री स्टील्स लिमिटेडले आईपीओ निष्काशन गर्ने तयारी

काठमाडौं- श्री स्टील्स लिमिटेडले सर्वसाधारणमा प्राथमिक शेयर (आईपीओ) निष्काशन गर्ने तयारी गरेको छ ।

कम्पनीले विद्यमान धितोपत्र दर्ता तथा निष्काशन सम्बन्धी नियमावली र धितोपत्र निष्काशन तथा बाँडफाँड सम्बन्धी निर्देशिकाअनुसार आवश्यक प्रक्रिया पूरा गरी नियमनकारी निकायबाट स्वीकृति प्राप्त गरेपछि आईपीओ जारी गर्ने जनाएको छ ।

आईपीओ निष्काशनका लागि कम्पनीले शेयर निष्काशन तथा बिक्री प्रबन्धकको रूपमा नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेडलाई नियुक्त गरेको छ ।

पूर्ण स्वचालित प्लान्ट सञ्चालन गर्दै आएको श्री स्टील्स लिमिटेड टीएमटी रिबार उत्पादनमा विशेषज्ञ मानिन्छ । कम्पनीका अनुसार नेपाल जस्तो भौगोलिक जटिलता तथा उच्च भूकम्पीय जोखिम भएको मुलुकमा बलिया तथा गुणस्तरीय संरचना निर्माणका लागि उच्चस्तरीय रड उत्पादनमा जोड दिइँदै आएको छ । कम्पनीसँग टीएमटी रिबार उत्पादनका लागि सिक्स-स्ट्यान्ड ब्लक मिलसहित जापानी प्रविधिमा आधारित अत्याधुनिक उपकरण रहेको जनाएको छ ।

विश्वस्तरीय प्रविधिको प्रयोगमार्फत गुणस्तरीय उत्पादन गर्दै नेपालको औद्योगिक आधार सुदृढ बनाउने, फलाम तथा रडजन्य पदार्थमा आत्मनिर्भरता हासिल गर्ने तथा रोजगारी सिर्जना गर्ने कम्पनीको उद्देश्य रहेको बताइएको छ ।

आईपीओ निष्काशनसम्बन्धी सम्झौतापत्रमा श्री स्टील्स लिमिटेडका तर्फबाट प्रबन्ध निर्देशक राजेश कुमार अग्रवाल र नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेडका तर्फबाट प्रमुख कार्यकारी अधिकृत मनिष नारायण जोशीले हस्ताक्षर गरेका थिए । उक्त सम्झौता कम्पनीका प्रमुख कार्यकारी अधिकृत सोमेश अग्रवालको रोहवरमा सम्पन्न भएको कम्पनीले जनाएको छ ।

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP



खेलकुद

## चेल्सीलाई हराएपछि आर्सनल बलियो



काठाडौं- आर्सनलले इंग्लिस प्रिमियर लिगमा आइतबार दस खेलाडीमा सीमित चेल्सीलाई २-१ ले हराएपछि उसको उपाधि जित्ने सम्भावना बलियो भएको छ । खेलको ६६ औं मिनेटमा जुरेन टिम्बरले आर्सनलका लागि निर्णायक गोल गरे ।

इमिरेट्समा भएको खेलमा आर्सनलले विलियन सलिबाको गोलले अग्रता लिएको थियो, तर पिएरो हिनक्याप आत्मघाती गोल गरेपछि खेल बराबरीमा पुगेको थियो । आर्सनलको लिगमा यो लगातार दोस्रो जित हो । चेल्सी भने आफ्ना पछिल्ला तीन खेलमा जितहीन रहेको छ ।

खेलको ७० औं मिनेटमा चेल्सीले पेड्रो नेटोलाई रातो कार्डमा गुमाएको थियो । यो नतिजापछि आर्सनलको ६४ अंक भएको छ र यो दोस्रो स्थानमा रहेको म्यानचेस्टर सिटीमाथि पाँच अंकको अग्रता हो ।

# मल आपूर्तिमा सुधार, सरकार भन्छ– रोपाइमा अभाव हुँदैन

काठमाडौं । हरेक वर्ष किसानले भोग्दै आएको रासायनिक मल अभाव र सास्ती यस वर्ष भने कम हुने सरकारले दाबी गरेको छ ।

सरकारी प्रयास र निरन्तर सहजीकरणले चालु आर्थिक वर्ष मल आपूर्ति र वितरण प्रणालीमा व्यापक सुधार देखिएको कृषि तथा पशुपन्छी विकास मन्त्रालयले दाबी गरेको छ ।

ढुवानी प्रक्रिया सहज बनाइनुका साथै वितरण प्रणाली चुस्त बनाउँदा किसानको खेतसम्म मल पुग्ने प्रक्रिया विगतभन्दा निकै प्रभावकारी बनेको र मलको दैनिक प्रवाह दोब्बरभन्दा बढी रहेको मन्त्रालयका वरिष्ठ कृषि अर्थ विज्ञ तथा सूचना अधिकारी महानन्द जोशीले बताए ।

चालु आर्थिक वर्ष २०८२/८३ फागुन पहिलो सातासम्म ३ लाख ९० हजार टन बढी रासायनिक मल किसानसम्म पुगिसकेको हुँदा बर्खे धानको ब्याड राख्नसमेत पुग्ने मन्त्रालयको दाबी छ ।

विगतमा जस्तो प्रक्रियागत ढिलासुस्ती र अवरोध यस वर्ष नरहेको मन्त्रालयका सूचना अधिकारी जोशीको भनाइ छ । उनका अनुसार भारतको कोलकाता र विशाखापटनम बन्दरगाहबाट मल ढुवानीको काम अत्यन्तै छिटो र सहज रूपमा भइरहेको छ ।

'विगतमा जस्तो प्रक्रियागत ढिलाइ अहिले छैन,' सूचना अधिकारी जोशीले भने, 'जसले गर्दा मल आपूर्ति निरन्तर भइरहेको छ ।'

आपूर्ति सहज भएसँगै वितरण प्रणालीमा पनि उल्लेखनीय सुधार आएको उनले बताए । विगतमा कृषि सामग्री कम्पनी लिमिटेड र साल्ट ट्रेडिङ कर्पोरेसनका डिपोबाट दैनिक करिब २ हजार टन मात्रै मल वितरण हुने गरेकामा हाल यो परिमाण बढेर दैनिक ४ देखि ५ हजार टन पुगेको छ ।

'मलको प्रवाह (फ्लो) बढेकाले किसानले समयमै पाउन थालेका छन्,' उनले भने, 'यसले गर्दा विगतमा जस्तो किसानले मल नपाएर गुनासो गर्नुपर्ने अवस्था छैन ।'

अन्तर्राष्ट्रिय बजारमा मलको मूल्य बढेका कारण चालु आर्थिक वर्षका लागि विनियोजन गरेको बजेट अपुग भएपछि मन्त्रालयले थप रकमका लागि अर्थ मन्त्रालयसँग आग्रह गरेको छ ।

सूचना अधिकारी जोशीका अनुसार आगामी आवका लागि



चाहिने मल ल्याउन स्रोत सहमति अनुसार ठेक्का प्रक्रिया अगाडि बढिसकेको छ । यदि उक्त मल साउन महिना (आगामी आर्थिक वर्ष) मा आइपुगे त्यसको भुक्तानी अर्को वर्षको बजेटबाट गर्न सकिने हुँदा केही सहज हुने मन्त्रालयको अपेक्षा छ ।

कृषि मन्त्रालयका सहसचिव रामकृष्ण श्रेष्ठका अनुसार वैज्ञानिक र प्राविधिक हिसाबले आवश्यकता धेरै देखिए पनि व्यावहारिक रूपमा ९ लाख टन मलले मुलुकको माग धान्न सक्ने देखिन्छ ।

नेपाल कृषि अनुसन्धान परिषद् (नार्क) ले माटोको स्वास्थ्य र बालीको उत्पादकत्वका आधारमा गरेको सिफारिस मान्ने हो भने नेपाललाई वार्षिक १७ लाख ३७ हजार टन रासायनिक मल आवश्यक पर्ने नयाँ तथ्यांक आएको उनले बताए ।

'हामीले लामो समय लगाएर हिसाब निकाल्यौं, नार्कको सिफारिस अनुसार १७ लाख ३७ हजार टन चाहिन्छ,' सहसचिव श्रेष्ठले भन्ने, 'तर, सबैले सिफारिस अनुसार मल हाल्दैनन्, पहाडी र हिमाली भेगमा मल प्रयोग निकै कम छ, विशेषगरी गण्डकी र कर्णाली प्रदेशमा खपत दर न्यून छ ।'

यी सबै पक्ष र पछिल्लो कृषि गणना तथ्यांक आधार मान्दा नेपालको वास्तविक र प्रभावकारी माग ८ लाख ९१ हजार टन देखिएको र त्यसलाई थप समायोजन गर्दा ८ लाख टन मल भए पुग्ने मन्त्रालयको प्रक्षेपण छ ।

मन्त्रालयले आगामी आर्थिक वर्षका लागि ६ लाख टन मल सरकारी अनुदान मार्फत ल्याउने योजना बनाएको छ । बाँकी माग निजी क्षेत्रको आपूर्तिले पूरा गर्ने विश्वास लिइएको छ ।

यद्यपि, मल खरिदका लागि बजेटको भने ठूलो चुनौती देखिएको छ । सहसचिव श्रेष्ठका अनुसार हालको अन्तर्राष्ट्रिय बजार मूल्य र विनिमयदर हेर्दा मल आपूर्तिमा करिब ५ अर्ब रुपैयाँ बजेट अपुग हुने देखिएको छ ।

सरकारी अनुदानको बजेटले करिब साढे ४ देखि ५ लाख टन मात्रै मल ल्याउन सकिने हुँदा माग र आपूर्तिबीचको खाडल भने कायमै छ । सरकारले चालु आवका लागि ६ लाख टन मल ल्याउने लक्ष्य राखेकोमा ८ फागुनसम्म करिब पौने ५ लाख टन (४ लाख ७१ हजार ५ सय ११.९५ टन) आपूर्ति भइसकेको छ । कृषि मन्त्रालयको तथ्यांक अनुसार कृषि सामग्री कम्पनीले ३ लाख ४७ हजार ६ सय ६१ टन र साल्ट ट्रेडिङले १ लाख २३ हजार ८ सय ५०.३ टन मल आयात गरेका हुन् ।

आपूर्ति भएको मलमा २ लाख ७८ हजार ७ सय ७३.५ टन युरिया, १ लाख ७५ हजार १ सय ५०.७५ टन डीएपी र १७ हजार ५ सय ८७.७ टन पोटास छ ।

चालु आव मल खरिदका लागि सरकारले २८ अर्ब ८२ करोड १४ लाख रुपैयाँ बजेट विनियोजन गरेको थियो, जस अन्तर्गत हालसम्म ४ लाख ९१ हजार ४ सय टन मल खरिदका लागि टेन्डर प्रक्रिया अघि बढिसकेको छ ।

पर्याप्त मौज्दात, निरन्तर बिक्री

आयात भएको र गत आवको मौज्दात समेत गरी हालसम्म ३ लाख ९० हजार ६६ टन मल बिक्री भइसकेको छ । कुल बिक्रीमध्ये २ लाख २७ हजार ७ सय ८१ टन युरिया, १ लाख ५१ हजार १ सय १४ टन डीएपी र ११ हजार १ सय ७० टन पोटास बिक्री भएको मन्त्रालयको तथ्यांकमा उल्लेख छ ।

यो अवधिमा कृषि सामग्रीले १ लाख ७६ हजार ७ सय १० टन युरिया, १ लाख ६ हजार १ सय ७१ टन डीएपी र ५ हजार ७ सय २९ टन पोटास गरी कुल २ लाख ८८ हजार ६ सय ११ टन मल बिक्री गरेको छ ।

यस्तै साल्ट ट्रेडिङले ५१ हजार ७० टन युरिया, ४४ हजार ९ सय ४३ टन डीएपी र ५ हजार ४ सय ४० टन पोटास गरी कुल १ लाख १ हजार ४ सय ५४ टन बिक्री गरेको मन्त्रालयले जानकारी दिएको छ ।

कति छ मौज्दात ?

हाल कृषि सामग्री कम्पनी र साल्ट ट्रेडिङको गोदाममा कुल १ लाख २७ हजार ४ सय ९२.७ टन मल मौज्दात छ, जसमा ७६ हजार ९५. ६५ टन युरिया, ३७ हजार ८ सय ६०.३ टन डीएपी र १७ हजार ५ सय ८७.७ टन पोटास समावेश छ ।

यसबाहेक ३३ हजार ३ सय ९५.३ टन मल नेपाल भित्रिने प्रक्रियामा (मार्गस्थ) रहेको मन्त्रालयले जनाएको छ ।

धान रोपाइँमा मल अभाव नहुने प्रत्याभूति

आगामी बर्खे धान सिजन लक्षित गरी योजनाबद्ध तयारी थालेको कृषि सामग्री कम्पनी लिमिटेडका प्रबन्ध सञ्चालक विष्णुप्रसाद पोखरेलले बताए ।

हालको मौज्दात र बाटोमा आउँदै गरेको मलले धान रोपाइँको मुख्य सिजनसम्मको माग धान्न पर्याप्त हुने उनको दाबी छ ।

'हामीसँग भएको मौज्दात र आउँदै गरेको मलले असार मध्यसम्म पनि पुग्न सक्छ,' उनले भने, 'तर, किसानले पहिले नै लगेर भण्डारण गर्ने हुँदा जेठसम्ममा सकिने अनुमान गरेका छौं ।' उनका अनुसार धान रोपाइँको मुख्य सिजन असार, साउन र भदौ लक्षित गरी थप डेढ लाख टन मल खरिदका लागि नयाँ टेन्डर आह्वान गरिएको छ ।

अर्थ मन्त्रालयबाट प्राप्त स्रोत सहमतिका आधारमा ९० हजार टन युरिया र ६० हजार टन डीएपी मल खरिद गरिने छ ।

'किसानलाई एकै पटक चाप नपरोस् भनेर हामीले यो मल फरक-फरक महिनामा आपूर्ति हुने गरी योजना बनाएका छौं,' उनले थपे ।

मन्त्रालयका अनुसार मुलुकको कुल वार्षिक रासायनिक मल माग १३ लाख टन भए पनि सरकारी अनुदानको बजेटले करिब साढे ४ देखि ५ लाख टन मात्रै ल्याउन सकिने हुँदा माग र आपूर्तिबीचको खाडल भने कायमै छ ।

## मतदातालाई कांग्रेस महामन्त्रीको आग्रह– अतिवादलाई अनुमोदन नगर्न'स्



काठमाडौं । नेपाली कांग्रेसका महामन्त्री एवं काठमाडौं क्षेत्र नम्बर ५ का उम्मेदवार प्रदीप पौडेलले अतिवादलाई अनुमोदन नगर्न मतदातासँग आह्वान गरेका छन् ।

आइतबार काठमाडौंमा आयोजित चुनावी सभालाई सम्बोधन गर्दै पौडेलले यो निर्वाचन अतिवादको बाटोमा जाने कि सबैलाई समन्वय गरेर देश अगाडि बढाउने भन्ने जनमत संग्रह भएको दाबी गरे । आगामी निर्वाचनले नेपाललाई स्थिरता, शान्ति र संविधान कार्यान्वयनको बाटोमा लैजाने कि अस्थिरता र थप संकटतिर धकेल्ने भन्ने गम्भीर फैसला गर्ने उनको भनाइ छ ।

नेपाली कांग्रेसले नेपालमा अतिवादलाई संस्थागत हुन नदिने र लोकतन्त्रको पैरवी गर्दै नागरिकको अधिकारका लागि लामो समयदेखि लड्दै आएको स्मरण गराए ।

'नेपाललाई अब स्थिरताको बाटोतिर लाने कि नेपालमा अब शान्ति स्थापना गर्ने कि नेपालको ७२ सालमा जारी भएको संविधानलाई कार्यान्वयन गर्ने बाटोतिर जाने कि अस्थिरता र अझ बढी संकटतिर जाने भन्ने कुराको संकेत यो निर्वाचनले गर्ने देखिएको छ,' उनले भने, 'यो निर्वाचनमा अतिवाद अनुमोदन हुने हो कि सबैलाई समन्वय गरेर अतिवादको बाटो होइन समन्वयकारी बाटोबाट देशलाई अगाडि लाने पक्षको अनुमोदन हुने हो, यो निर्वाचनले निर्णय गर्छ ।' पछिल्लो समय युवा पुस्ताले गरेको 'जेन-जी' आन्दोलनले मुलुकमा धेरै कुरा परिवर्तन गरेको र काँग्रेसले त्यसलाई आत्मसात गरेको पौडेलले बताए ।

'यो निर्वाचन विशिष्ट परिस्थितिमा भएको हो । भदौ २३ गतेको जेन-जी आन्दोलनपछि मुलुकमा धेरै कुराहरू परिवर्तन भए । हामी आफैंले स्वीकार गरेका छौं नेपालको इतिहासमा परिवर्तनकारी आन्दोलनको नेतृत्व सधैंभरि नेपाली कांग्रेसले गऱ्यो तर भदौ २३ गते नेपाली कांग्रेसका प्रति पनि जेन-जी आन्दोलनले खबरदारी गरेको कुरा हामीले स्वीकार गरेका छौं,' उनले भने ।

## स्याङ्जा कारागारका १६४ कैदीबन्दीमध्ये १७ जनाको मात्रै मतदाता नामावली

स्याङ्जा । फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनमा स्याङ्जा कारागारका १७ जना कैदीबन्दीले मतदान गर्ने भएका छन् ।

पुतलीबजार नगरपालिका-१ स्थित जिल्ला कारागारमा चार महिलासहित १६४ जना कैदीबन्दी रहे पनि मतदाता परिचयपत्र बनाएको र स्थायी मतदाता नामावलीमा नाम समावेश भएका १७ जनाले मात्रै मत हाल्न पाउने भएका हुन् ।

जिल्ला निर्वाचन कार्यालय स्याङ्जाका निर्वाचन अधिकारी श्रीराम थापाका अनुसार मतदान गर्न पाउने सबै पुरुष कैदीबन्दी हुन् र उनीहरूले समानुपातिक तर्फको मतदान गर्नेछन् ।

निर्वाचन आयोगको अस्थायी मतदाता नामावलीसम्बन्धी कार्यविधि २०८२ अनुसार जिल्लाबाट संकलित विवरणका आधारमा कारागारमा अस्थायी मतदान केन्द्र स्थापना गरिएको छ ।

स्याङ्जा कारागारसहित जिल्लामा १८५९ जना अस्थायी मतदाता रहेका छन् । निर्वाचनमा खटिन नपर्ने कर्मचारीहरूले पनि कारागारस्थित अस्थायी मतदान केन्द्रबाट मतदान गर्ने जिल्ला निर्वाचन अधिकारी थापाले बताए । स्याङ्जा जिल्लामा दुई प्रतिनिधिसभा निर्वाचन क्षेत्र छन् । क्षेत्र नम्बर १ मा एक लाख ३० हजार ८८६ र क्षेत्र नम्बर २ मा एक लाख १७ हजार ९३० मतदाता गरी कुल २ लाख ४८ हजार ८१६ मतदाता रहेका छन् । जिल्लाभर १९९ मतदानस्थलमा ३२२ मतदान केन्द्र तोकिएका छन् ।

सुरक्षाको दृष्टिले ३२२ मतदान केन्द्रमध्ये ५६ अतिसंवेदनशील, ७१ संवेदनशील र ७२ साधारण सूचना रहेको जिल्ला प्रहरी कार्यालय स्याङ्जाले जनाएको छ । ती केन्द्रहरूमा विशेष सुरक्षा सतर्कता अपनाइने बताइएको छ ।

## रोल्पामा निर्वाचन अवधिभर मदिरा बिक्री वितरण र सेवन गर्न रोक




रोल्पा । प्रतिनिधिसभा सदस्य निर्वाचनलाई लक्षित गर्दै रोल्पामा मदिराको बिक्री वितरणमा रोक लगाइएको छ। सुरक्षा व्यवस्था सुदृढ पार्न भन्दै रोल्पा प्रशासनले यस्तो रोक लगाएको हो ।

निर्वाचनलाई स्वच्छ, निष्पक्ष र शान्तिपूर्ण रूपमा सम्पन्न गराउने उद्देश्यले मदिरा बिक्री वितरण, ओसारपसार र सेवन गर्न रोक लगाइएको प्रशासनले जनाएको छ । सहायक प्रमुख जिल्ला अधिकारी घनश्याम गौतमले सार्वजनिक सूचना जारी गर्दै फागुन १५ गते राति १२ बजेदेखि मतगणनाको अन्तिम परिणाम घोषणा नभएसम्म मदिरा बिक्री वितरण,ओसार पसार तथा सेवनमा रोक लगाइएको जनाएका छन् ।

निर्वाचन अवधिमा शान्ति सुरक्षा कायम राख्न उक्त निर्णय कार्यान्वयनमा ल्याइएको जनाइएको छ । साथै त्यस्तो कार्य गरेको पाइए प्रचलित कानुनबमोजिम कारबाही गरिने चेतावनी समेत दिइएको छ ।

## दुर्गा प्रसाईंलाई ५ दिन हिरासतमा राख्न अनुमति



काठमाडौं । राष्ट्र, राष्ट्रियता, धर्म संस्कृति तथा नागरिक बचाउ महाअभियानका संयोजक दुर्गा प्रसाईंलाई पाँच दिन हिरासतमा राख्न प्रशासनले अनुमति दिएको छ ।

जिल्ला प्रशासन कार्यालय भक्तपुरले प्रसाईंलाई हिरासतमा राख्न अनुमति दिएको हो । आइतबार मात्रै प्रसाईं भक्तपुरस्थित आफ्नो निवासबाट पक्राउ परेका थिए ।

उनीविरुद्ध सार्वजनिक शान्तिविरुद्धको कसुरमा अनुसन्धान अघि बढाइएको छ ।

प्रसाईं पछिल्लोपटक ४ फागुनमा काठमाडौंमा पक्राउ परेर १३ फागुनमा रिहा भएका थिए ।

उनलाई गैरकानुनी रूपमा हिरासतमा राखिएको दाबीसहित श्रीमती उमा प्रसाईंले दायर गरेको बन्दी प्रत्यक्षीकरणको रिटमा सुनुवाइ गर्दै सर्वोच्च अदालतका न्यायाधीशद्वय मनोजकुमार शर्मा र मेघराज पोखरेलको इजलासले थुनामुक्त गर्न आदेश दिएको थियो ।

उनले चुनाव नहुने भन्दै अभिव्यक्ति दिँदै आएका छन् ।

# धादिङमा फेरिएको चुनावी शैली : धक्कामुक्की छोडेर अंकमाल



धादिङ । विगतका निर्वाचनहरूमा धादिङको नाम आउनासाथ धेरैको मानसपटलमा एउटा चित्र नाच्थ्यो- धक्कामुक्की, तोडफोड र सन्त्रास । तर यसपटक धादिङले आफ्नो परिचय बदल्ने प्रयास गरेको छ ।

मतदान हुन ४ दिन बाँकी रहँदा धादिङमा न झडपका खबर छन् न त मतदातामा त्रास । बरु, फरक दलका उम्मेदवारहरूबीचको अंकमाल र सौहार्द्रताले नयाँ लोकतान्त्रिक संस्कारको झल्को दिइरहेको छ ।

यसपटक धादिङको चुनावी घरदैलोमा केही यस्ता दृश्य देखिए, जुन विगतमा दुर्लभ मानिन्थे । गंगा-जमुना गाउँपालिकाको छेलाङमा नेकपा एमालेका धनबहादुर घले र नेकपाका उम्मेदवार रामबहादुर भण्डारीबीच बाटोमै जम्काभेट भयो । उनीहरूले एक-अर्कालाई अंकमाल गरे र आ-आफ्नो पक्षमा मत मागे ।

यस्तै दृश्य रुवीभ्यालीमा कांग्रेसका रमेश धमला र नेकपाका भण्डारीबीच पनि देखियो । एउटा टोली जाँदै र अर्को टोली फर्किंदै गर्दा बाटोमा भेट भयो । उनीहरूले एक अर्कामा अंकमाल गरे, कार्यकर्ताहरूले पनि हात मिलाए । सञ्चो-बसिञ्चो सोधनी गरे । चुनावी प्रचार अभियानको समीक्षा गरे ।

ज्वालामुखी गाउँपालिकामा कांग्रेस उम्मेदवार धमला रास्वपा उम्मेदवार बोधनारायण श्रेष्ठको घरमै पुगेर उनकी आमासँग आशीर्वाद लिएको प्रसंगले त सामाजिक सञ्जालमा निकै प्रशंसा पायो । बोधनारायणको घरमा आमालाई 'तपाईंको आफ्नै छोरो निर्वाचनमा उठ्नुभएको छ, आफ्नो छोरालाई भोट हाल्नुस, मलाई आशीर्वाद दिनुस्' भन्ने धमलाको वाक्यले राजनीतिक सहिष्णुताको नयाँ मानक खडा गरेको छ ।

धादिङ निर्वाचनमा पहिले यस्तो वातावरण थिएन । विगतका सबैजसो निर्वाचनमा कुनै न कुनै ठाउँमा कार्यकर्ताबीच झगडा र तोडफोड भएकै थिए ।

२०६४ र २०७० को संविधानसभा निर्वाचनमा धादिङका विभिन्न क्षेत्रमा दलका कार्यकर्ताबीच खुकुरी हानाहान र ढुङ्गामुढाका घटना सामान्य जस्तै थिए । २०७४ को स्थानीय र आम निर्वाचन गजुरी, बेनीघाट रोराङ र खनियाबास क्षेत्रमा कार्यकर्ताबीचको झडपले कतिपय ठाउँमा मतदान नै रोकिएको समेत थियो । सवारी साधन तोडफोड र कार्यकर्ता घाइते हुनु नियमित समाचार बन्थे ।

तर, यसपटक पूरै माहोल परिवर्तन भएको छ । दलहरूले चुनावी प्रचार प्रसारको लागि निर्वाचन आयोगबाट पाएको समयावधि सकिँदासम्म धादिङमा कुनै पनि अप्रिय र झडपका घटना भएका छैनन् ।

नीलकण्ठ-३ पुछारबजारका स्थानीय नवराज लम्सालले भने, 'पहिले जस्तो ट्यापे-मुन्द्रेहरूको आतंक र बाइकको कानै खाने आवाज यसपटक गायब छ । नेताहरू पनि शान्त र शालिन शैलीमा भोट माग्दै हिँडेका छन् ।'

फेरिएको प्रचार शैली : सडकबाट सामाजिक सञ्जाल

यसपटक धादिङका उम्मेदवारहरूले आफ्नो रणनीति बदलेका छन् । जिल्लामा ठूला आमसभा र शक्ति प्रदर्शनभन्दा पनि मतदाताको आँगनमा पुग्ने घरदैलो र सामाजिक सञ्जाललाई मुख्य हतियार बनाइएको छ ।

फेसबुक, टिकटक र ह्वाट्सएपमार्फत उम्मेदवार र कार्यकर्ताहरूले आफ्ना एजेन्डा र मतदाता शिक्षा प्रचार गरिरहेका छन् । ठूला ट्रकमा लाउड स्पिकर राखेर गरिने होहल्लाभन्दा गाडीमा समान्य गीतसंगीत, कोणसभा र व्यक्तिगत भेटघाटलाई प्राथमिकता दिएका छन् ।

मौन अवधि सुरु हुनै लाग्दा जिल्ला प्रशासन कार्यालय धादिङले पनि सुरक्षाको पूर्ण बन्दोबस्त गरिएको जानकारी दिएको छ । प्रमुख जिल्ला अधिकारी विजयराज सुवेदीका अनुसार जिल्लाका सबै मतदानस्थलमा सुरक्षाकर्मी खटिसकेका छन् ।

'अहिलेसम्म कुनै अप्रिय घटना नहुनुले शान्तिपूर्ण मतदान हुने बलियो आधार तयार गरेको छ,' प्रजिअ सुवेदीले भने, 'सबैको साथ सहयोग लिएर शान्तिपूर्ण वातावरणमा निर्वाचन सम्पन्न गर्नेगरी सबै सुरक्षा निकाय र निर्वाचन कार्यालय लागिपरेको छ ।'

राजनीतिमा प्रतिस्पर्धा हुनु स्वाभाविक हो, तर त्यो प्रतिशोधमा बदलिनु हुँदैन भन्ने सन्देश यसपटक धादिङका उम्मेदवारहरूले दिएका छन् । उम्मेदवारहरूले देखाएको यो सौहार्द्रता मतदानको दिनसम्म कायम रहेमा धादिङले देशभरकै लागि एउटा उदाहरणीय सन्देश प्रवाह गर्ने निश्चित छ ।

## इरानका कुनै पनि आणविक केन्द्रमा आक्रमण भएकै छैन : ग्रोसी




काठमाडौं – संयुक्त राष्ट्रसंघको आणविक पर्यवेक्षक निकायले अमेरिका-इजरायलको आक्रमणमा इरानका कुनै पनि आणविक पूर्वाधारमा क्षति पुगेको संकेत नदेखिएको जनाएको छ ।

अन्तर्राष्ट्रिय परमाणु उर्जा एजेन्सी (आईएईए) का अध्यक्ष राफेल ग्रोसीले भने,'इरानमा कुनै पनि आणविक पूर्वाधार क्षतिग्रस्त भएको वा निशानामा परेको संकेत हामीले पाएका छैनौं । बुसेहर आणविक उर्जा केन्द्र, तेहरान अनुसन्धान रियाक्टर वा अन्य कुनै पनि पूर्वाधारमा क्षति पुगेको संकेत भेटिएको छैन ।'

यसअघि आईएईएका लागि इरानका दूतले इरानका प्रमुख तीन आणविक पूर्वाधारमध्ये एक नातान्जमा आइतबार आक्रमण भएको बताएका थिए ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानको सम्भावित आणविक चुनौतीका कारण युद्ध सुरु गर्नुपरेको दाबी गरेका छन् । तर, यो विषय अमेरिकी गुप्तचर विभागको अनुसन्धानसँग मिल्दैन । गुप्तचर विभागले इरानलाई अन्तर महादेशिय ब्यालेस्टिक मिसाइल बनाउन कम्तिमा एक दशक लाग्ने निष्कर्ष निकालेको थियो ।

## इरान युद्ध चार हप्तासम्म लम्बिनसक्छ : ट्रम्प



काठमाडौं – अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानसँगको युद्ध चार हप्तासम्म लम्बिन सक्ने दाबी गरेका छन् । यसभन्दा कम समयमा पनि अमेरिकाले विजय हासिल गर्नसक्ने उनको दाबी छ ।

'यो ठूलो देश हो । यसले चार हप्ता वा कम समय लिनेछ,' ट्रम्पले आइतबार भने । उनले सबै काम योजनाअनुसार नै भइरहेको बताए । शनिबार गरिएको संयुक्त कारबाहीमा इरानका आयतोल्लाह अली खामेनाइ र इरानी सेनाका दर्जनौं वरिष्ठ कमाण्डरहरू मारिएका थिए ।

त्यसपछि इरानले अमेरिकी सैन्य पूर्वाधारहरु राख्न दिएका खाडी राष्ट्रमाथि निरन्तर प्रत्याक्रमण गरिरहेको छ । ट्रम्पले इरानलाई आणविक हतियार प्राप्त गर्न वा अमेरिकासम्म पुग्न सक्ने क्षेप्यास्त्रहरू बनाउनबाट रोक्न सैन्य हस्तक्षेप गर्नुपरेको दाबी गरे ।

यसैबीच, इरानमा अमेरिकी आक्रमणको क्रममा तीन अमेरिकी सैनिक मारिएको र पाँच जना गम्भीर घाइते भएको अमेरिकी सेनाले जनाएको छ । ट्रम्पले आगामी हप्ताहरूमा थप क्षति हुन सक्ने बताएका छन् ।

ट्रम्पले सबै लक्ष्यहरु प्राप्त नहुदाँसम्म इरानमा आक्रमण जारी रहने बताए । इरानलाई आणविक हतियार निर्माण गर्नबाट रोक्ने र यहाँको सत्तालाई बदल्ने मुद्दा उनले लामो समयअघिदेखि अघि सारेका छन् ।

**इजराल इरान...**

बढाउदै एकले अर्को देश एकैपटक सक्नेगरी बमको प्रयोग भयो भने पृथ्वीमा मानवता नै संकटमा पर्ने संकेत शुरु भएको देखिन्छ । त्यसकारण ईरान माथिको कारवाही अमेरिका र इजरालले रोक्नुपर्छ र इरानले पनि छिमेकी देशहरु मथि गरिरहेको रकेट प्रहारहरु रोक्नुपर्छ र संवाद सहकार्य गरेर मानवता माथि आउन सक्ने संकट आउन दिनुहुदैन ।

**धनकुटामा...**

होली सुनसान बनेपछि यसको असर व्यापारीहरूले पनि झेलेका छन् । गत वर्ष ५ सय टिसर्ट बिक्री गरेका रोशन श्रेष्ठले यस वर्ष १० वटा पनि बिक्रि नभएको बताए । निर्वाचनको कारण होलीको रौनक नै नभएर टिसर्टमा घाटा लागेको श्रेष्ठले बताए ।

धनकुटामा केही बालबालिका मात्रै होली मनाउन सडकमा उत्रिएका छन् । निर्वाचनमा असर पर्ने भन्दै प्रशासनले कुनै कार्यक्रम नगर्न भनेपछि धनकुटामा होली सुनसान भएको हो ।

**राष्ट्रपति पौडेल...**

तथा समाजमा आपसी सद्भाव कायम राख्न थप प्रेरणा प्रदान गरोस् भन्ने शुभकामना व्यक्त गर्दछु ।'

असत्यमाथि सत्यको, अन्यायमाथि न्यायको, दूराचारमाथि सदाचारको र अधर्ममाथि धर्मको विजय भएको खुसियालीमा मनाइने होली पर्वमा वैरभाव परित्याग गरी प्रेमभाव र आत्मीयताका साथ आफन्तजन एवम् साथीसङ्गीहरूसँग एकापसमा अबिर तथा रङ्ग दलेर सद्भाव प्रकट गर्ने तथा रमाइलो गर्ने परम्परा रहेको राष्ट्रपति पौडेलले बताएका छन् ।

रङ्गहरूको पर्वका रूपमा प्रत्येक वर्ष फागुपूर्णिमा (होली) देशभर वसन्त ऋतुका अनेक रङ्गहरूलाई प्रतिविम्बित गर्ने पर्वका रूपमा हर्षोल्लासपूर्वक मनाइन्छ । विभिन्न रङ्गीचङ्गी कपडाले सजिएको चिर ठड्याएपछि प्रारम्भ हुने होली पूर्णिमाको राति चिर दाह गरेपछि समापन हुन्छ ।

राष्ट्रपति पौडेलले होलीमा खेलिने विविध रङ्गहरू जस्तै नेपाली समाज पनि जातीय, भाषिक र सांस्कृतिक रूपमा विविधतापूर्ण रहेको र त्यही विविधताबीचको एकता नै नेपालीको पहिचान र सुन्दरता भएको उल्लेख गरेका छन् ।

**प्रधानमन्त्री...**

**पहिलो : निर्वाचनमा सरिक भइदिनुहोस्**

देशलाई राजनीतिक स्थायित्व र समृद्धिको मार्गमा अघि बढाउनका लागि सबै मतदाता आगामी निर्वाचनमा सरिक भइदिन प्रधानमन्त्री कार्कीको पहिलो आग्रह छ ।

'भोट हाल्नु भनेको केवल चुनाव चिन्हमा छाप लगाई कसैलाई जिताएर पठाउनु मात्र होइन । यो त तपाईँले आफ्नो र आफ्नो सन्तानको भविष्य कस्तो बनाउने भनेर लिने निर्णय हो,' उनले भनेकी छन्, 'तसर्थ, फागुन २१ गते बिहीबारका दिन अरू काम छाडेरै भए पनि आफ्नो मतदान केन्द्रमा पुगेर मतदान गर्नँहुन म हार्दिक अपिल गर्दछु ।'

**दोस्रो : मौन अवधिमा अनुशासनको पूर्ण पालना होस्**

निर्वाचनको सँघारमा प्रधानमन्त्री कार्कीले सबैलाई शान्ति र अमनचयन कायम राख्न अनुरोध गरेकी छन् ।

'शान्ति नै नेपालको असली पहिचान हो । चुनावमा स्वस्थ प्रतिस्पर्धा हुन्छ, फरक विचार हुन्छ, तर हामीबीच मनमुटाव र वैमनस्य हुनुहुँदैन,' उनले भनेकी छन् ।

चुनावी मैदानमा रहेका सबै राजनीतिक दल तथा स्वतन्त्र उम्मेदवारहरूलाई उम्मेदवारीका लागि धन्यवाद दिँदै प्रधानमन्त्री कार्कीले भनेकी छन्, 'तपाईंहरूको सक्रियताले नै हाम्रो लोकतन्त्र जीवित रहने हो ।'

साथै मौन अवधिमा पूर्ण अनुशासन पालना गर्न र त्यसअघिको बाँकी समयमा संयमित ढंगले, एक/अर्कालाई सम्मान गर्दै निर्वाचन प्रचार( प्रसार गर्न म सबै राजनीतिक दल, उम्मेदवार तथा समर्थकहरूलाई उनको आग्रह छ ।

निर्वाचन कार्यमा खटिएका निर्वाचन आयोग, सुरक्षा निकाय र सम्पूर्ण कर्मचारीलाई धन्यवाद दिँदै उनले भनेकी छन्, 'निर्वाचन आयोगले छोटो र कठिन समयमा कार्यतालिका बमोजिम सबै तयारी पूरा गरेको छ । निर्वाचन निष्पक्ष, स्वच्छ र भयरहित रूपमा सम्पन्न गर्न नेपाल सरकार र आयोग पूर्ण प्रतिबद्ध छन् ।'

प्रदेश र स्थानीय सरकारले आफ्नो सीमाभित्र रही निर्वाचन तयारीमा महत्वपूर्ण सहयोग पुर्याएको पनि उनले बताएकी छन् ।

प्रधानकन्त्री कार्कीका अनुसार नेपाल सरकारका चारवटै सुरक्षा संयन्त्रले निर्वाचन सुरक्षामा कुनै कमी हुन नदिन आफ्ना सबै स्रोत-साधन परिचालन गरेका छन् ।

छोटो समयमा नेपालले निर्वाचन व्यवस्थापन गर्न सकेकोमा मित्रराष्ट्रहरू तथा अन्तर्राष्ट्रिय संस्थाहरूबाट पनि उत्साहजनक साथ र प्रतिक्रिया प्राप्त गरेको उल्लेख गर्दै उनले भनेकी छन्, 'निर्वाचन व्यवस्थापनमा वस्तुगत, नगद तथा प्राविधिक सहयोग प्रदान गर्ने मित्रराष्ट्रहरूलाई म धन्यवाद दिन चाहन्छु । साथै, संयुक्त राष्ट्र संघीय निकायहरूबाट प्राप्त सहयोगका लागि पनि आभारी छौं ।'

तेस्रो : निर्वाचनको रङ र होलीको रङ मिलेर देशमा नयाँ उत्साह छाओस्

प्रधानमन्त्री कार्कीले निर्वाचनकै मुखमा होली अर्थात् फागुपूर्णिमा मनाउँदै गरेको उल्लेख गर्दै उनले शुभकामना दिएकी छन् ।

'यो रङहरूको पर्वले एकता, सद्भाव र उत्साहको सन्देश दिन्छ । हाम्रो समाजमा रहेको विविधतालाई मजबुत बनाउँछ,' उनले भनेकी छन्, 'निर्वाचनको रङ र होलीको रङ मिलेर देशमा नयाँ उत्साह छाओस् ।'

चौथो : विदेशमा रहेका नेपाली कामदारको रक्षा गर्न सरकार कटिबद्ध

प्रधानमन्त्री कार्कीले मध्यपूर्वी क्षेत्रमा युद्धको संकट गहिरिएको र इरान र त्यसवरपरको तनावले चिन्तित बनाएको बताएकी छन् ।

'विकसित घटनाक्रमलाई नेपाल सरकारले सूक्ष्म रूपमा नियालिरहेको छ । त्यहाँ रहनुभएका हाम्रा नेपाली दाजुभाइ, दिदीबहिनी र युवाहरूको सुरक्षा हाम्रो ठूलो चासोको विषय हो' उनले भनेकी छन्, 'त्यस क्षेत्रमा रहेका सबै नेपाली नियोगहरूलाई सुरक्षासहजीकरणमा कुनै कमी हुन नदिन सक्रिय बनाइएको छ र परराष्ट्र मन्त्रालयले सघन अनुगमन गरिरहेको छ ।'

सरकार हरदम त्यस क्षेत्रमा रहेका नेपालीहरूको साथमा रहेको उल्लेख गर्दै उनले भनेकी छन्, 'नेपाली जहाँ रहे पनि प्रत्येक नागरिकको व्यक्तिगत सुरक्षा र हितको रक्षामा यो सरकार कटिबद्ध छ ।'

**प्रलोपा...**

केन्द्रबाट बिद्रोह गरेर जनार्दन शर्माले गठन गरेको प्रलोपामा लागेका थिए ।

यस्तै निसीखोला-१ लेवाङका नेकपा एमालेका गण्डकी प्रदेश सदस्य अमर सिंह घर्तील नेकपामा प्रवेश गरेको नेकपाका नेता तथा बागलुङ इन्चार्ज चन्द्रबहादुर बुढा सागरले जानकारी दिए ।

# नेपाली चलचित्र संग्रहालयको औपचारिक सुरूआत

काठमाडौं- नेपाली चलचित्रको इतिहास, कला र प्रविधिलाई भावी पुस्तासम्म सुरक्षित रूपमा संरक्षण गर्ने उद्देश्यसहित चलचित्र विकास बोर्डले नेपाली चलचित्र संग्रहालयको औपचारिक सुरूआत गरेको छ ।

मंगलबार बोर्डको प्रेक्षालयमा आयोजित विशेष कार्यक्रममा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव लक्ष्मी कुमारी बस्नेतको प्रमुख आतिथ्यतामा संग्रहालय उद्घाटन गरिएको हो ।

कार्यक्रममा चलचित्रकर्मी तथा विभिन्न संस्थाहरूले विगतका ऐतिहासिक क्यामेरा, क्यासेट, टेप, पोस्टर, आर्टवर्क, स्क्रिप्ट तथा संग्रहयोग्य कागजातहरू हस्तान्तरण गरेका थिए । सामाग्री उपलब्ध गराउने व्यक्तित्व तथा संस्थाहरूलाई कार्यक्रममा सम्मान समेत गरिएको थियो ।

ऐतिहासिक सामाग्री हस्तान्तरण सिने फोकस प्रा.लि. (रजत बुढाथोकी) ले रेड क्यामेरा हस्तान्तरण गरे । क्लासिक सिने युनिभर्स प्रा.लि. (दिनेश महरा) ले सोनी इएक्स थ्रि क्यामेरा उपलब्ध गराएका छन् । फिल्म सम्पादक मानबहादुर थापाले सन् १९८० को पानासोनिक १० क्यामेरा, सोनी कलर मोनिटर (२००१), नेशनल पानासोनिक ५४३ क्यासेट टेप, साउण्डरभिडियो उपकरण तथा अडियो मिक्सर उपलब्ध गराएका छन् ।



उत्तम थापा, प्रबन्ध निर्देशक, म्यूजिक नेपाल प्रा.लि.ले १५२ वटा नेपाली चलचित्रका पोस्टर तथा आर्टवर्क प्रदान गरेका छन् । रूपेन्द्र खड्गी , ओ.एस.आर प्रा.लि.ले चलचित्र आर्टवर्कहरू उपलब्ध गराएका छन् ।

कान्तिपुर रेडियो ले ३४४ वटा चलचित्रका क्यासेट तथा अडियो सिडीहरू हस्तान्तरण गरेका छन् । दर्शनबीर शाक्य, सम्पादक, पेज थ्री पत्रिकाले नेपाल भाषाका ८० चलचित्रका पोस्टर उपलब्ध गराएका छन् ।

जनक तामाङ, प्रबन्ध निर्देशक, हाईलाईट्स नेपाल प्रा.लि.ले २०२ नेपाली चलचित्रका आर्टवर्क प्रदान गरेका छन् । सुन्दरलाल श्रेष्ठ, आईडियल डिजाईनर्स ले १४६ नेपाली चलचित्रका पोस्टर उपलब्ध गराएका छन् । चलचित्रकर्मी मन्दिल श्रेष्ठ तथा गौरीशंकर धुँजु (ए वन जन सेन्टर) ले पुरानो ऐतिहासिक क्यामेरा तथा ट्राइपोड प्रदान गरेका छन् ।

लेखक तथा चलचित्रकर्मी नरेन्द्रबहादुर श्रेष्ठले प्रथम चलचित्र अवार्डका संग्रहयोग्य कागजात उपलब्ध गराउने भएका छन् । छायाँकार पुरूषोत्तम प्रधानले आफू सम्बद्ध ६३ नेपाली चलचित्रका स्क्रिप्टहरू उपलब्ध गराएका छन् ।

# यौनकर्मीको कथामा बनेको ‘लालिमा’को ट्रेलर रिलिज

काठमाडौं- तीन हजारभन्दा बढी यौनकर्मी महिलाको अनुभवमा आधारित फिल्म ‘लालिमा’को ट्रेलर सार्वजनिक गरिएको छ । झन्डै तीन मिनेट लामो ट्रेलरले फिल्मको कथावस्तु र केन्द्रीय द्वन्द्वबारे संक्षिप्तमा प्रकाश पारेको छ । अभिनेत्री रोश्नी कार्कीलाई केन्द्रमा राखिएको ट्रेलरमा उनको पारिवारिक उतारचढाव र यौनकर्ममा लागेपछि भोगेका समस्यालाई मर्मस्पर्शी रुपमा देखाइएको छ ।

कोठाभित्र त्रसित अवस्थामा रहेकी रोश्नीलाई चित्रित गर्दै सुरु भएको ट्रेलर प्लास्टिकभित्र उनी छट्पटाइरहेको दृश्यसँगै सकिएको छ । त्यसबीचमा उनको पारिवारिक समस्या, कुनै बाध्यताले यौनकर्ममा लागेपछि भोग्नुपरेका कठिनाइ, प्रेम जीवन र भावनात्मक उतारचढावलाई प्रस्तुत गरिएको छ । ट्रेलर हेर्दा निर्देशकले प्रतीकात्मक दृश्यमार्फत पनि कथा भन्ने प्रयास गरेको देखिन्छ ।

फागुन २९ गतेबाट प्रदर्शन हुन लागेको यस फिल्ममा रोशनीसहित



शिशिर वाङ्देल, जीवन भट्टराई, उषा रजक, सुष्मा निरौला, सबिन कट्टेल, घनश्याम जोशी लगायतका कलाकारहरूको अभिनय देख्न सकिनेछ । रोशन मिराजको लेखन तथा निर्देशन रहेको फिल्मलाई फेथ आस्था र एम्पिफाई चेन्जले निर्माण गरेका हुन् । फिल्मको कार्यकारी निर्मातामा रीना लामा छिन् ।

निर्देशक मिराजले फिल्मको कथा लालिमा पात्रको कठिनपूर्ण यात्रामा आधारित रहेको बताएका छन् । उनी भन्छन्, ‘एक घटनाले लालिमाकी आमा कारागार पुग्छिन् । आमालाई त्यहाँबाट मुक्त गराउने क्रममा उनी सहरको कठोर र अँध्यारोतर्फ धकेलिन्छिन् । त्यसपछि शारीरिक र मानसिक पीडाबीच उनी कसरी बाँच्न बाध्य हुन्छिन् भन्ने कथा फिल्ममा छ ।’

# संकटमा राजेश हमाल : ‘नरसिंहा अवतार’ न ‘प्रवासी जीवन’ चल्यो




काठमाडौं- कुनै समय अभिनेता राजेश हमालको टाउको पोस्टरमा राखेको भरमा मात्रै पनि फिल्म सुपरहिट हुन्छ भन्ने गरिन्थ्यो । यसरी केही फिल्म चलेका पनि थिए । तर, समय सधैँ एकैनास कहाँ हुन्छ र ? करिअरको उत्कर्षमा रहँदा सफलताको चरम सुखभोग गरेका उनका लागि पछिल्लो समय फिल्मको सफलता एकादेशको कथा जस्तै बनेको छ ।

विगत एक दशकयता उनका कुनै फिल्म सफल हुन सकेका छैनन् । सन् २०१६ मा प्रदर्शन भएको फिल्म ‘सकुन्तला’को असफतापछि उनले ८ वर्ष अभिनयबाट विश्राम नै लिएका थिए । तर, लामो विश्रामपछि उनले अभिनय गरेको फिल्म ‘नरसिंहा अवतार’ र हाल प्रदर्शनरत फिल्म ‘प्रवासी जीवन’ पनि असफल भएपछि अब उनको युग सकिएको टिप्पणी हुन थालेको छ ।

‘नरसिंहा अवतार’ले बक्स अफिसमा २ करोड हाराहारीको व्यापार गरेको थियो । ‘प्रवासी जीवन’को व्यापार भने २ लाख पनि नपुग्ने देखिन्छ । गत शुक्रबारबाट प्रदर्शनमा आएको यो फिल्मले आइतबारसम्म देशव्यापी ५ प्रतिशत अकुपेन्सी पनि हासिल गर्न सकेको छैन । फिल्मका धेरैजसो शो दर्शक अभावले रद्द भएपछि आइतबारबाट प्रायः हलले फिल्मलाई उतारिसकेका छन् । यो फिल्ममा हमालले मनोचिकित्सकको भूमिका निभाएका छन् । यसमा उनको मुख्य भूमिका भने छैन । तर, फिल्मका निर्माता-निर्देशकले उनलाई मुख्य कलाकारभन्दा बढी महत्त्व दिएर हरेक प्रचार सामग्रीमा अटाएका थिए । हमाल आफैं पनि फिल्मको प्रचारमा सक्रिय भएर लागेका थिए । तर, दर्शकले उनको फिल्मप्रति रुचि नै देखाएनन् । जसले गर्दा फिल्म ‘ डिजास्टर’ बनेको छ ।

एकै वर्षमा दुई फिल्म फ्लप भएपछि हमालको आगामी करिअरबारे धेरैमा चासो बढेको छ । कतै उनले फेरि अभिनयबाट लामो समय विश्राम लिने त होइनन् भन्ने प्रश्न उठिरहेको छ । कतिपयले भने उनी अब राजनीतिमा आउन सक्ने अड्कल काटिरहेका छन् । यद्यपि, उनका प्रशंसकहरू आगामी दिनमा उनको बलियो कमब्याक हुनेमा आशावादी छन् ।

# निर्माणको २ वर्षपछि प्रियंकाले युट्युबमा रिलिज गरिन् ‘टाँक’

काठमाडौं- अभिनेत्री प्रियंका कार्की अभिनय र निर्माण दुवै विधामा सक्रिय छन् । कोरोना महामारीभन्दा अघि वेब सिरिज ‘जस्ट एनदर लभ स्टोरी’ निर्माण गरेकी उनले २ वर्षअघि सर्ट फिल्म ‘टाँक’ पनि बनाएकी थिइन् । केही अन्तर्राष्ट्रिय फेस्टिभलमा स्क्रिनिङ गरेपछि यो फिल्मलाई गत शुक्रबार युट्युबमा रिलिज गरिएको छ । प्रियंकाले आफ्नो जन्मदिनमा फिल्म रिलिज गरेकी हुन् ।

साम्तेन भुटियाको निर्देशनमा बनेको यो फिल्म १४ मिनेट ४४ सेकेण्ड लामो छ । यसमा प्रियंका स्वयंले अभिनय गरेकी छन् । सुदूरपश्चिमेली लवजमा प्रस्तुत भएकी उनले आमाको भूमिका निभाएकी छन् । अझै पनि तुइनको सहारामा नदी वारपार गर्नुपर्ने नेपालीहरूको बाध्यतालाई चित्रण गर्दै फिल्मले एक आमा-छोराको कथा भनेको छ । फिल्ममा प्रियंकाको अभिनय जीवन्त लाग्छ ।

युट्युबमा फिल्म रिलिज भएसँगै दर्शकबाट सकारात्मक प्रतिक्रियाको



ओइरो लागेको छ । प्रायःले प्रियंकाको अभिनयको खुलेर प्रशंसा गरेका छन् । कतिपयले उनको अहिलेसम्मकै उत्कृष्ट अभिनय भनेका छन् । फिल्मको कथा पनि उत्तिकै रुचाइएको छ । क्लाइमेक्सको ट्विस्ट र सन्तानप्रति आमाको प्रेमले स्तब्ध बनाएको प्रतिक्रिया पनि धेरै देख्न सकिन्छ ।

प्रियंकाले पहिलो पटक कथा सुन्दा नै आफूले यो फिल्म बनाउने निर्णय गरेको बताएकी छन् । उनले फेसबुकमा लेखेकी छन्, ‘यो हाम्रो लागि विशेष छ, किनभने यो आयंका फिल्म्सको पहिलो उत्पादन हो । हाम्रा प्रोड्युसरहरू र विशेषगरी लेखक-निर्देशक साम्तेनलाई धन्यवाद । मैले पहिलो पटक कथा सुन्दा नै तत्काल महसुस गरेको थिएँ कि हामीले यो फिल्म बनाउनु पर्छ ।’

प्रियंका र उनका श्रीमान् आयुष्मान देशराज जोशी कार्यकारी निर्माता रहेको यस फिल्ममा प्रियंकासहित रोयल केसी, एलेक्स केसी, अरुण रेग्मी, घनश्याम जोशी, रेनु योगी लगायतका कलाकारहरूको अभिनय देख्न सकिन्छ । निर्देशक भुटिया स्वयंको लेखन तथा सम्पादन रहेको ‘टाँक’लाई आयुष्मानले छायांकन गरेका हुन् ।

# ‘मितज्यू’को पोस्टरमा रिसाएकी तेरिया र दयाहाङ-सौगातको पञ्जा लडाइ




काठमाडौं- यही सोमबार मात्र छायांकन सकिएको फिल्म ‘ मितज्यू’को फर्स्टलुक पोस्टर सार्वजनिक गरिएको छ । निर्माण पक्षले गत वर्षको माघमा फिल्मको निर्माण घोषणा गर्दा सार्वजनिक गरेको पेन्टिङ पोस्टरमा आधारित रहेर फर्स्टलुक तयार पारिएको छ । फिल्मका तीन मुख्य कलाकार दयाहाङ राई, सौगात मल्ल र तेरिया फौजा मगरलाई पोस्टरमा देख्न सकिन्छ । दयाहाङ र सौगातबीच पञ्जा लडाइँको दृश्य समावेश पोस्टरमा तेरिया भने मालवहाक गाडीको बोनटमाथि बसेकी छन् । मगर समुदायको मौलिक पहिरनमा प्रस्तुत भएकी उनी रिसाएको भावमा देखिएकी छन् । पहाडी भूगोललाई पृष्ठभूमिमा राखिएको पोस्टरले फिल्मको कथावस्तु प्रेम त्रिकोण, पात्रहरूको आत्मसम्मानको लडाइँ र सामाजिक द्वन्द्वमा आधारित रहेको संकेत गर्छ ।

अनिल बुढा मगरको निर्देशन तथा जनक घर्ती मगरको निर्माणमा बनेको यस फिल्ममा दयाहाङ र सौगात र तेरियासहित पुष्कर गुरुङ, शिशिर वाङ्देल, राज थापा, सुवर्ण थापा, अनु थापा, स्मिता लामिछाने, अरुण पुन मगर, उत्तम राज पाण्डे, सविन कट्टेल, उमेश सोनाम, पवित्रा खड्का, खड्गबहादुर पुन मगर (खबपु) लगायतका कलाकारहरूले अभिनय गरेका छन् ।

महेश राईको लेखन तथा शिशिर बिशंखेको छायांकन रहेको फिल्ममा लोकेश बज्राचार्यको सम्पादन, मिङ्मा डिलेप्चाको कोरियोग्राफी, प्रभात विष्ट र सुरज श्रेष्ठको द्वन्द्व निर्देशन, मुकेश शाहको साउन्ड डिजाइन, शैलेश श्रेष्ठको ब्याकग्राउन्ड म्यूजिक तथा श्रीकृष्ण बम मल्लको संगीत रहेको छ । फिल्मको देशव्यापी वितरण आरआर फिल्म्सले गर्नेछ ।

# पोस्टर रिलिजसँगै अमेरिका र क्यानडामा बिक्यो ‘परालको आगो’

काठमाडौं- आगामी बैशाख ११ गतेबाट प्रदर्शन हुन लागेको फिल्म ‘परालको आगो’को बिहीबार फर्स्टलुक पोस्टर सार्वजनिक गरिएको थियो । सौगात मल्ल, प्रकाश सपूत र सुहाना थापालाई पात्र लुक्समा प्रस्तुत गरिएको पोस्टरले दर्शकमा उत्सुकता बढाएसँगै विदेशमा फिल्मको माग ह्वात्तै बढेको छ । शुक्रबार मात्र दुई देशमा फिल्म बिक्री भएको छ ।

नेपालीहरूको उल्लेख्य बसोबास रहेको क्यानडा र अमेरिकामा फिल्म बिक्री भएको निर्माता सुशील पोखरेलले जानकारी दिए । उनका अनुसार ‘इएनटी’ कम्पनीले दुई देशका लागि फिल्मको प्रदर्शन अधिकार खरिद गरेको हो । तर, वितरण अधिकारको मूल्य भने उनले खुलाएका छैनन् । फिल्मलाई नेपालकै मितिमा अमेरिका र क्यानडामा प्रदर्शन गरिने जनाइएको छ । लक्ष्मण सुनारको निर्देशनमा बनेको यस फिल्ममा सौगात, प्रकाश र सुहानासहित सिर्जना अधिकारी, किशोर भण्डारी, ज्याक श्रेष्ठ, सरिता भण्डारी, रेणु न्यौपाने, मन्जिला बाँनिया लगायतका कलाकारहरूले अभिनय गरेका छन् । हरिओम सिने मेकर्सको ब्यानरमा निर्माण भएको यो फिल्ममा सुशील देवकोटाको लेखन रहेको छ ।

का.जि.प्र.का.द.नं.३५२/०६४-०६५ गो.हु.का. द.न. १/०७७/०७८

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP

वर्ष -१८, अंक- ३१,
२०८२ साल फागुन १९ गते मंगलबार
3 MARCH 2026, TUESDAY

# रेनोले 'डस्टर' थर्ड जेनेरेसन ल्याउँदै, हाइब्रिड इन्जिन, अत्याधुनिक इन्टेरियर र सुरक्षाका लागि एडास

काठमाडौं। रेनोले राम्रो बिक्री भएको एसयुभी 'डस्टर'को थर्ड जेनेरेसन मोडल बजारमा ल्याउने भएको छ। मिडसाइज एसयुभी डस्टर मार्च महिनाको मध्यतिर कम्पनीले भारतीय बजारमा सार्वजनिक लन्च गर्ने तयारी गरेको छ।

कम्पनीले गत जनवरीमा यसका केही झलक सार्वजनिक गरेको थियो। फ्रेन्च बहुराष्ट्रिय कम्पनी रेनो सन् २०११ देखि भारत, नेपालसँगै दक्षिण एसियाको बजारमा उपस्थिति बढाएको हो। यसका क्विड, ट्राइबर, डस्टर निकै बिक्री भएका गाडी हुन्।

कम्पनीले रेनो डस्टर पहिलो पटक सन् २०१२ मा भारतमा सार्वजनिक गरेको थियो। जसले 'कम्प्याक्ट एसयुभी'को छुट्टै बजार बनाएको थियो। यसको बजार माग एकाएक उच्च भएको थियो। सन् २०१४ तिर भारतमा रेनोको कुल उत्पादनको करिब ८६ प्रतिशत हिस्सा डस्टरले मात्रै ओगटेको थियो।

यो लोकप्रिय मोडलको उत्पादन कम्पनीले सन् २०२२ मा बन्द गरेर अपडेटेड संस्करण बनाएको हो। अहिलेको डस्टर तेस्रो पुस्ता (थर्ड जेनेरेसन) को मोडल




हो। यो नयाँ डिजाइन, प्रविधि र इन्जिनका साथ करिब ४ वर्षपछि फेरि बजारमा फर्किएको हो।

यो नयाँ मोडलमा हाइब्रिड इन्जिन, अत्याधुनिक इन्टेरियर, र सुरक्षाका लागि एडास जस्ता आधुनिक सुविधाहरू छन्। यो पहिलेको डस्टर भन्दा धेरै प्रिमियम र शक्तिशाली बनाइएको छ। कम्पनीका अनुसार यो गाडी १.३ लिटर र १.० लिटर टर्बोचार्ज्ड पेट्रोल इन्जिनमा उपलब्ध हुनेछ। यस्तै १.८ लिटर स्ट्रोङ हाइब्रिड इन्जिन भएको डस्टर भने २०२६ को फेस्टिभ सिजनमा लन्च गर्ने तयारीमा छ।

यसमा डबल डिजिटल स्क्रिन, प्यानोरोमिक सनरुफ र सुरक्षाको लागि लेभल २ एडास फिचरहरु राखिएका छन्।

यसमा १०.१ इन्चको टच स्क्रिन, वायरलेस एन्ड्रोइड अटो र एप्पल कारप्ले पनि छ। साथै अको १०.२५ इन्चको डिजिटल इन्स्ट्रुमेन्ट क्लस्टर, वायरलेस चार्जर, एसी, पावर टेलगेट, ३६० डिग्री क्यामेरा, फ्रन्ट र रियर पार्किङ सेन्सर, टायर प्रेसर मोनिटरिङ सिस्टम, इलेक्ट्रोनिक पार्किङ ब्रेक, फोर ह्वील डिस्क ब्रेक जस्ता फिचरहरु छन्।

# ट्रायम्फ स्क्र्याम्बलर ४०० एक्स-सी नेपालमा सार्वजनिक

काठमाडौं । ट्रायम्फले नेपाली बजारमा नयाँ बाइक स्क्याम्ब्लर ४०० एक्स-सी मोडलको बिक्री सुरु गरेको छ ।

ट्रायम्फको नेपालका लागि आधिकारिक विक्रेता हंसराज हुलासचन्द एण्ड कम्पनीले शुक्रबारदेखि बिक्री सुरु गरेको हो ।

कम्पनीले बाइकको मूल्य ७ लाख ९९ हजार ९०० रुपैयाँ तोकेको छ । केही दिनअघि बाइकको बुकिङ खुला गरिएको थियो । कम्पनीले पहिलो लटमा २५ युनिट ल्याएको थियो । शुक्रबार सबै बाइक डेलिभरी गरिएको छ ।

कम्पनीले सन् २०२४ देखि नेपाली बजारमा ट्रायम्फका बाइक



बिक्री गर्दै आइरहेको छ । यसअघि ट्रायम्फ ४०० स्पिड र ४०० स्क्र्याम्ब्लर बिक्री गर्ने गरेक थियो ।

नेपालको राइडिङ समुदाय निरन्तर विकसित हुँदै गइरहेको अवस्थामा स्क्र्याम्बलर ४०० एक्स-सी सार्वजनिक गर्न पाउँदा खुसी लागेको ट्राइम्फका म्यानेजर सागर थापाले बताए ।

# होली र निर्वाचनको बिदाका दिन पनि बैंकिङ सेवा उपलब्ध गराउन राष्ट्र बैंकले दियो निर्देशन

काठमाडौं । नेपाल राष्ट्र बैंकले सार्वजनिक बिदाका दिन बैंकिङ सेवा उपलब्ध गराउन बैंक तथा वित्तीय संस्थालाई निर्देशन दिएको छ ।

एक निर्देशनमार्फत केन्द्रीय बैंकले होली पर्व र प्रतिनिधिसभा सदस्य निर्वाचनको दिन अर्थात् फागुन २१ गते बिहीबारका दिन बैंक तथा वित्तीय संस्थाका कार्यालय संचालनमा रहने व्यवस्था मिलाउन भनेको हो ।

राष्ट्र बैंकले सरकारी कारोबार गर्न तोकिएका वाणिज्य बैंकहरूद्वारा भुक्तानी व्यवस्था र राजस्व दाखिला गर्ने व्यवस्था मिलाउन निर्देशन दिएको छ । निर्वाचन प्रचारप्रसारका लागि बैंक खाता संचालन गर्ने बैंक तथा वित्तीय संस्थाहरूद्वारा राजनीतिक दल तथा उम्मेदवारको नगद वा चेक वा अन्य विनिमय साधनहरूको दाखिला, भुक्तानी लगायतका बैंकिङ सेवा प्रदान गर्ने व्यवस्था मिलाउन भनिएको छ ।

# हुम्लामा कतै तुइनमा तुर्ल'ङ्ङ, कतै प्रयोगविहीन झोलुङ्गे पुल

हुम्ला । सरकारले तुइन विस्थापित घोषणा गरेको १० वर्षसम्म पनि हुम्लामा सर्वसाधारण अझै पनि तुइनबाटै नदी वारपार गर्न बाध्य छन् ।

०७२ मा केपी शर्मा ओलीले पहिलोपटक प्रधानमन्त्री हुदाँ दुई वर्षभित्र तुइन विस्थापित गर्न घोषणा गरेको थिए । ०८१ मा पनि ओली प्रधानमन्त्री बने । तुइन विस्थापित गरेर झोलुङ्गे पुल निर्माण गर्ने निर्णय भयो ।

हुम्लाको सर्केगाड गाउँपालिका-२ रिप गाउँका २१९ घरधुरीका नागरिक भने अहिले पनि कर्णाली नदी तुइनकै भरमा वारपार गर्न बाध्य छन् ।

पटक-पटक झोलुङे पुल निर्माण गर्न हारगुहार गरेपनि कुनै सुनुवाइ नभएको सर्केगाड गाउँपालिका-२ का वडाध्यक्ष सिद्व कार्कीले बताए ।

कर्णाली नदीपारि कर्णाली करिडोरको





सडकमा गाडी गुडछन्, नदीवारि रिप गाउँ छ । गाडी चढन नदीमा भएको तुइनमा झुन्डिएर जानुपर्ने बाध्यता भएको वडाध्यक्ष कार्कीले दुखेसो गरे ।

तुइनबाट वारपार गर्दा धेरै सामान खसेर नदीमा बग्ने गरेको उनको भनाइ छ । खाद्यान्नलगायतका सामग्री नदीमा खस्ने र धेरैलाई चोटपटक लागेको स्थानीयको गुनासो छ ।

यता सिमकोट गाउँपालिका-४ को बुराउसे गाउँको घट्टेखोलामा प्रयोगविहीन झोलुङे पुल निर्माण गरिएको छ । तर, यो पुल निर्माण भएपनि वर्षौदेखि प्रयोगविहीन छ ।

घट्टेखोलामा काम नलाग्ने पुल निर्माण भएपछि धेरैले आलोचना गर्न थालेका छन् ।

# १८ गतेदेखि चुनावसम्म रात्रिकालीन व्यवसाय बन्द

काठमाडौं । यही फागुन १८ गतेदेखि मतदानको दिन (२१ गते)सम्म रात्रिकालीन व्यवसाय बन्द गरिएको छ ।

जिल्ला प्रशासन कार्यालय काठमाडौंले निर्वाचन सुरक्षालाई मध्यनजर गर्दै रात्रिकालीन व्यवसायमा रोक लगाएको हो ।

कार्यालयले जारी गरेको सूचना अनुसार राति ९ बजेपछि कुनै पनि व्यवसाय सञ्चालन गर्न पाइने छैन । 'अर्को निर्णय नभएसम्मका लागि राति ९ बजेसम्म मात्र सञ्चालन गर्ने र तत् पश्चात सम्पूर्ण व्यवसायीहरु बन्द गर्न/गराउनुहुन सम्बन्धित सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ', सूचनामा उल्लेख छ ।

# मतगणना स्थलमा सुरक्षाको प्रश्न उठ्न नदिन सरकार सचेत छ : मन्त्री इङनाम

काठमाडौं । भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री प्रा.डा. कुमार इङ्नामले मतगणना स्थलमा समेत सुरक्षाको प्रश्न उठ्न नदिन सरकार सचेत रहेको बताएका छन् ।

मौन अवधिको सन्दर्भमा प्रेस काउन्सिल नेपालले आयोजना गरेको कार्यक्रमलाई सम्बोधन गर्दै उनले यस्तो बताएका हुन् ।

निर्वाचन अवधिको लागि सुरक्षा संवेदनशिलता अनुसार रणनीति तय भएर कार्यान्वयनमा रहेको उल्लेख गर्दै उनले भने, 'विगतमा मतगणना स्थलमा समेत सुरक्षाको प्रश्न उठेका थिए । त्यस्तो प्रश्न उठ्न नदिन सरकार सतर्क छ ।'

निर्वाचन मार्फत मुलुकलाई अगाडि बढाउन सबै सजग रहेको आफूले पाएको पनि उनले बताए ।

'भदौ २३ र २४ गतेको




आन्दोलनको एउटा मर्म छ । त्यो भन्दा अगाडिका असन्तोष आदिको पनि निर्वाचन मार्फत सम्बोधन गर्न सकियोस्,' उनले भने ।

कार्यक्रमलाई सम्बोधन गर्दै कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले पनि निर्वाचन हुन्छ कि हुँदैन भन्ने प्रश्न बाँकी नरहेको बताए । बरु झुटा प्रचारका लागि सामाजिक सञ्जालको अति प्रयोग भइरहेको उनले बताए ।

भण्डारीले भनेका छन्, 'झुटा प्रचारका लागि सामाजिक सञ्जालको अति प्रयोग भइरहेको छ । हामीले नियमन र नियन्त्रणका लागि काम गरिरहेका छौं,' भण्डारीले भनेका छन्, 'तथापि सञ्चार जगतको पनि गलत प्रचार रोक्न भूमिका अपेक्षा छ ।'

उनका अनुसार एआईसिर्जित डिपफेक सामग्रीको प्रचार ज्यादा छ । निर्वाचन आयोगको तथ्यांकअनुसार शुक्रबारसम्म ६१२ हानिकारक सूचना ट्र्याक गरिएको छ ।

ट्र्याक गरिएका त्यस्ता सूचनाउपर कारबाही प्रक्रिया अगाडि बढेको छ ।

विधुतीय कारोबार ऐन २०६३ आकर्षित हुनेको हकमा कारबाहीका लागि नेपाल प्रहरीमा पठाइएको छ ।

निर्वाचन आचारसंहिता २०८२ आकर्षित हुने सूचनालाई केन्द्रीय आचारसंहिता अनुगमन समितिमा पठाइएको छ । प्रेस काउन्सिल ऐन २०४८ आकर्षित हुने देखिएपछि काउन्सिलमै पठाइएको छ ।

## मतदान किन गर्ने?

- लोकतन्त्रमा नागरिकले शासन व्यवस्थामा सहभागी हुन ।
- योग्य जनप्रतिनिधिको छनौट गर्न ।
- नागरिक कर्तव्य निर्वाह गर्न ।
- जनतामा नीहित सार्वभौमसत्ताको प्रयोग गर्न ।
- निर्वाचनको माध्यमवाट शासन
- व्यवस्थालाई वैधता प्रदान गर्न ।
- असल, विवेकशील, गतिशील र दुरदर्शी नेतृत्व चयन गरी सुशासन कायम गर्न ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनआकास मिडिया प्रा.लि का लागि : प्रकाशकः द्रोणबहादुर बस्नेत, प्रधान सम्पादकः मोहन कार्की (९८५१०८७१५६), सम्पादकः ईन्दिरा धमला, कम्प्युटरः जनआकाश डेस्कटप
प्रधान कार्यालय, बागबजार काठमाडौ, ०१-४१६७५७८, पोष्ट वक्स नं १६५६ Email: jana .news2065@gmail .com मुद्रणः सुप्रिम प्रिन्टिङ्ग प्रेस, बागबजार